# ..................... बचत तथा ऋण सहकारी संस्था लिमिटेडको विनियम, ......... को संशोधित/पुनर्लिखित विनियम-२०८०

................ बचत तथा ऋण सहकारी संस्था लि. सञ्चालन गर्न बनेको विनियम

स्वीकृत मिति : २०...../...../...... गते

**प्रस्तावना :**

अन्तर्राष्ट्रिय सहकारी सिद्धान्त, मूल्य र मान्यताहरू अवलम्बन गरी सदस्यहरुमा स्वावलम्बन र पारस्परिकताको भावनालाई बढवा दिएर आफ्नो आर्थिक, सामाजिक, सांस्कृतिक, नैतिक एवम् शैक्षिक उन्नतिका लागि आवश्यक श्रोतका साथै व्यावसायिक तथा सामुदायिक सेवाहरूको वन्दोबस्त आफैले मिलाएर परिश्रम, समानता र समताका मापदण्डमा समुदायका सबैको समृद्धि हासिल गर्न सहकारी सभ्यताको विकासमा समेत सहायता पुऱ्याउन .................बचत तथा ऋण सहकारी संस्था लि.को दर्ता/स्थापना मिती....................... भएको र दर्ता गर्दाको बखत सहकारी ऐन, २०४८ बमोजिको विनियम स्वीकृत गरी संस्था सञ्चालन गरीएकोमा हाल संघीय सहकारी ऐन, २०७४ र नियमावली २०७५ तथा लमही नगरपालिकाको सहकारी ऐन, २०७५ को नयाँ प्राबधान बमोजिम संस्थाको विनियम संशोधन/पुनर्लेखन गर्न वाञ्छनीय भएकोले लमही नगरपालिका सहकारी ऐन, २०७५ को दफा १९ (१) ले दिएको अधिकार प्रयोग गरी विनियम संशोधन/पुर्नलेखन पश्चात मिति ................. गतेको ......... औं वार्षिक साधारणसभाले यो विनियम पारित गरेको छ ।

परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :**

(क) यस विनियमको नाम ........... बचत तथा ऋण सहकारी संस्था लि.को पुर्नलीखित विनियम, २०८० रहेको छ ।

(ख) यो विनियम दर्ता गर्ने अधिकारीले स्वीकृत गरेपछि तुरुन्त लागु हुनेछ ।

२. **संस्थाको नाम, ठेगाना :**

(क) संस्थाको नाम : ............बचत तथा ऋण सहकारी संस्था लिमिटेड रहनेछ । अंग्रेजीमा .................Savings & Credit Co-operative Ltd. रहनेछ ।

(ख) संस्थाको ठेगाना : संस्थाको कार्यालय दाङ्ग जिल्लाको लमही नगरपालिका वडा नं. ......., लमहीमा रहने छ ।

(ग) लमही नगरपालिकाको पूर्व स्वीकृति लिई मात्र ठेगाना परिवर्तन गरिने छ, संस्थाका बढी सदस्यहरूलाई पायक पर्ने ठाँउमा कार्यालय राखिने छ ।

(घ) सामान्यतया कार्यालय राख्दा समान प्रकृतिको अर्को सहकारी संस्था रहेको एउटै भवन प्रयोग गरिने छैन ।

(ङ.) ठेगाना परिवर्तनको सूचना अनिवार्य रूपमा आफ्ना सदस्यहरू, सम्बन्धित सहकारी एवम् सरकारी कार्यालय तथा सहकारीका सम्बन्धित संघहरूमा दिइने छ ।

(च) सहकारी संस्थाको कार्यालय सबै सदस्यहरूको सहज पहुँच हुने र देखिने स्थानमा राखिने छ ।

(छ) संस्थाको साइन बोर्डमा स्पष्ट बुझिने गरी संस्थाको नाम, ठेगाना, स्वीकृत लोगो, कार्यक्षेत्र ज्ञत्रर सम्पर्कका लागि उपलब्ध फोन, इमेल, फ्याक्स, पोष्टबक्स नम्बर उल्लेख गरिने छ ।

(ज) सम्पर्क वा पत्राचारको माध्यममा गरिने परिवर्तनको सूचना सबै सदस्य र सम्बन्धित सबै सरकारी निकाय तथा सहकारीका संघहरूमा गराइने छ ।

(झ) समितिले संस्थाको कार्यालयमा सबैले देख्ने ठाँउमा निम्न कुराहरू खुलेको सूचना राखी सम्बन्धित सबैलाई सुसूचित गर्नेछ :-

(१) संस्थाको प्रमुख कारोवार

(२) कुल सदस्य संख्या:

(३) कारोवारको विवरण- यस अन्तर्गत कूल सङ्कलित शेयर पुँजी, कुल बचत निक्षेप सङ्कलन, कुल लगानी र कारोवारबाट भएको मुनाफा अन्य सेवाहरू उल्लेख गरिने छ । यस्तो विवरण लेखा परीक्षण गरेको गत आर्थिक वर्षको श्रेस्ताको आधारमा राखिने छ ।

(४) लिने, दिने ब्याजदर ।

(५) सञ्चालक, लेखासुपरीवेक्षण समिति तथा अन्य उपसमितिका पदाधिकारी एवम् सदस्यको नाम, ठेगाना र सम्पर्क फोन ।

३. परिभाषा :

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विनियममा-

(क) 'ऐन' भन्नाले लमही नगरपालिको सहकारी ऐन, २०७५ सम्झनुपर्दछ ।

(ख) 'सहकारी शाखा' भन्नाले लमही नगरपालिका, सहकारी शाखालाई सम्झनु पर्छ ।

(ग) 'संघीय ऐन' भन्नाले संघीय सरकारको सहकारी ऐन, २०७४ सम्झनु पर्छ ।

(घ) "नियमावली" भन्नाले संघिय सरकारको सहकारी नियमावली, २०७५ सम्झन पर्दछ ।

(ङ) 'दर्ता गर्ने अधिकारी' भन्नाले ऐनको दफा ६९ बमोजिम तोकिएको दर्ता गर्ने अधिकारी सम्झनुपर्दछ र सो शब्दले निजबाट अधिकार प्राप्त अधिकृत समेतलाई जनाउने छ ।

(च) 'संस्था' भन्नाले ................. बचत तथा ऋण सहकारी संस्था लिमिटेड सम्झनुपर्दछ ।

(छ) 'विनियम' भन्नाले ..............बचत तथा ऋण सहकारी संस्था लिमिटेडको विनियम, २०८० सम्झनुपर्दछ ।

(ज) "साधारणसभा" भन्नाले प्रारम्भिक साधारणसभा, वार्षिक साधारणसभा र विशेष साधारणसभा समेतलाई सम्झनु पर्दछ ।

(झ) 'समिति' भन्नाले विनियमको दफा ३४ बमोजिम गठन भएको संस्थाको सञ्चालक समिति सम्झनुपर्दछ ।

(ञ) 'सञ्चालक' भन्नाले समितिको सदस्य सम्झनुपर्दछ र सो शब्दले समितिको अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव र कोषाध्यक्ष समेतलाई जनाउने छ ।

(ट) 'अध्यक्ष' भन्नाले समितिको अध्यक्ष सम्झनुपर्दछ ।

(ठ) 'व्यवस्थापक' भन्नाले विनियमको दफा ४४ बमोजिम नियुक्त संस्थाको व्यवस्थापक सम्झनुपर्दछ ।

(ड) "रजिष्ट्रार" भन्नाले संघीय सरकार अन्तर्गत सहकारी विभागको रजिष्ट्रार सम्झनु पर्दछ ।

(ढ) "उपसमिति" भन्नाले संस्थाद्वारा यस विनियम बमोजिम कुनै निश्चित कार्य गर्नका लागि अवधि तोकी गठन गरिएको उप–समिति समेतलाई सम्झनु पर्दछ ।

(ण) "शेयर" भन्नाले सहकारी संस्थाको शेयर पुँजीको अंश सम्झनु पर्दछ ।

(त) "सदस्य" भन्नाले दफा ७, ९ वा १३ बमोजिम संस्थाको सदस्यता प्राप्त गरेको व्यक्ति सम्झनु पर्दछ ।

(थ) "शेयर प्रमाण पत्र" भन्नाले शेयर सदस्यलाई शेयर खरिद गरे वापत संस्थाबाट दिइएको निस्सालाई सम्झनु पर्दछ ।

(द) "बचत निक्षेप" भन्नाले सदस्यहरूले पूर्व निर्धारित दरमा ब्याजको रूपमा लाभसमेत फिर्ता प्राप्त गर्ने गरी संस्थामा जम्मा गरेको रकमलाई सम्झनु पर्दछ ।

(ध) "ऋण" भन्नाले संस्थाले विनियमको अधीनमा रही निश्चित शर्त र सम्झौताका आधारमा भविष्यमा निर्धारित दरमा ब्याज वापतको रकम थपसमेत गरी फिर्ता प्राप्त गर्ने गरी सदस्यलाई प्रदान गरेको वा संस्थाले निश्चित शर्त र सम्झौताका आधारमा भविष्यमा निर्धारित दरमा ब्याज वापतको रकम समेत थप गरी फिर्ता गरी प्रचलित ऐनको अधीनमा रही ऋणको रूपमा प्राप्त गरेको रकमलाई सम्झनु पर्दछ ।

(न) "टोल/उप क्षेत्रीय बैठक" भन्नाले दफा ३१ को उपदफा (२( बमोजिम संस्थामा सदस्यहरूको बैठक सम्झनु पर्दछ ।

(प) “आर्थिक वर्ष” भन्नाले प्रत्येक वर्षको श्रावण एक गते देखि आषाढ मसान्तसम्मको अवधिलाई सम्झनु पर्दछ ।

## परिच्छेद २
## संस्थाको क्षेत्र

४. उद्देश्य :

सदस्यहरूको आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासका लागि संस्थाको देहायमा उल्लेख भए बमोजिमको उद्देश्यहरू हुनेछन् :

(१) संस्थामा संलग्न सदस्यहरूमा मितव्ययिताको भावना जागृत गराई नियमित बचत गर्ने बानीको विकास गर्ने ।

(२) सदस्यहरूको व्यक्तिगत एवं सामुहिक क्षमता अभिबृद्धि गरी स्वावलम्बी एवम् आत्मनिर्भर समाजको निर्माणमा योगदान पुर्‌याउने ।

(३) सदस्यहरूको प्राथमिक आवश्यकता र आयआर्जन क्षमताको पहिचान गरी उत्पादनशील र आयमूलक क्षेत्रमा सदस्यहरूमार्फत लगानी प्रवर्द्धन गरी छरिएर रहेको राष्ट्रिय पूँजीको उपयोग बढाउने ।

(४) सदस्यहरूको दैनिक जीवनका विविध क्षेत्रमा संस्थागत सहयोग पुर्‌याउने खालका सेवामूलक कार्यक्रमहरू सञ्चालन गरी सहकारिताको महत्व स्थापित हुने काम समुदायमा प्रदर्शित गर्ने ।

(५) संस्थामा संलग्न सदस्यहरू र जनसमुदाय बीच स्वावलम्बन, पारस्परिक सहयोग एवम् मितव्ययिताको अभिबृद्धि गर्ने बानी प्रवर्द्धन गर्ने ।

(६) आत्मनिर्भरता तथा आत्मविश्वास सम्बन्धी धारणाबारे सदस्यहरूलाई उत्प्रेरित गर्ने ।

(७) सदस्यहरूलाई आय आर्जन क्षमतामा बृद्धि गर्नका लागि आवश्यक मद्दत र जानकारी उपलब्ध गराउने ।

(८) आफ्नो उद्देश्य पूरा गर्नका लागि समान उद्देश्य भएका स्थानीय, क्षेत्रीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय संगठनहरूसँग सहयोगात्मक भावना राख्ने ।

(९) सदस्यहरूको समूह र विकासको अधिकतम हितलाई ध्यानमा राखी सहकारी ऐन, नियम, मापदण्डहरू र यस विनियममा व्यवस्था भए बमोजिम दैनिक कार्य सञ्चालनका लागि चल, अचल सम्पत्ति आर्जन गर्ने, हस्तान्तरण गर्ने, धरौटी राख्ने, बन्धक राख्ने आदि कार्य गर्ने ।

(१०) संस्थाको विकासका लागि आय आर्जन परियोजना सञ्चालन गर्ने ।

(११) समाजका कमजोर वर्ग र निम्न आय भएका व्यक्ति वा समूहको आर्थिक, सामाजिक, सांस्कृतिक उत्थानमा सहयोग पुऱ्याउने ।

(१२) प्रचलित कानून बमोजिम संस्थाले उपभोग गर्न पाउने छुट तथा सहुलियत सुविधाहरूको उपभोग गर्ने ।

(१३) समुदाय भित्र सामाजिक, सांस्कृतिक, शैक्षिक, स्वास्थ्य, पर्यावरण संरक्षणका क्रियाकलाप प्रवर्द्धन गर्ने ।

(१४ लमही नगरपालीका स्तरीय, अल्पकालीन जेष्ठनागरीक, महिला तथा बालवालिका सुरक्षा सेवा केन्द्र सञ्चालन गरी सो बर्गको हितका लागी काम गर्ने ।

५. कार्यहरू :

(१) संस्थाले प्रचलित कानूनको अधीनमा रही माथिका उद्‌देश्य हासिल गर्न देहाय बमोजिमका कार्यहरू गर्नेछ ।

(क) सहकारीका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मूल्य, मान्यता र सिद्धान्तहरूको पालना गर्ने गराउने,

(ख) सदस्यको हित प्रवर्द्धन गर्ने गरी व्यावसायिक सेवाहरू प्रदान गर्ने ,

(ग) सदस्यलाई शिक्षा, सूचना र तालिम प्रदान गर्ने ,

(घ) संस्थाले गर्ने उत्पादन तथा सेवाको मापदण्ड निर्धारण गरी गुणस्तर सुधार, आर्थिक स्थायित्व र जोखिम व्यवस्थापन सम्बन्धी कार्य गर्ने ,

(ङ) आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने ,

(च) संस्थाको व्यवसायिक प्रवर्द्धन तथा विकास सम्बन्धी क्रियाकलापहरू सञ्चालन गर्ने ,

(छ) मन्त्रालय, रजिष्ट्रार, प्रादेशिक रजिष्ट्रार, स्थानीय तह वा दर्ता गर्ने अधिकारीको निर्देशन पालना गर्ने गराउने,

(ज) विनियममा उल्लिखित कार्यहरू गर्ने ।

(झ) सहकारी सिद्धान्त अनुरुप बचत तथा ऋण सहकारी संस्थाको उद्देश्य प्राप्तिका लागि कार्यहरू गर्ने ।

(ञ) संस्थाको स्वीकृत नीति अनुसार सदस्यहरूबाट बचत सङ्कलन गर्ने ।

(ट) संस्थाको स्वीकृत नीति अनुसार सदस्यहरूलाई ऋण लगानी गर्ने ।

(ठ) ऐन बमोजिम संस्थाको शेयर बिक्री गर्ने तथा जिल्ला , केन्द्रीय संघ र सहकारी बैंकको शेयर खरिद गर्ने ।

(ड) ऐन, नियमावली र विनियमको अधीनमा रही अन्य संघ–संस्थाबाट ऋण लिने ।

(ढ) सहकारिताबारे सदस्यहरूको चेतना जगाउने क्रियाकलाप सञ्चालन गर्ने ।

(ण) सदस्यहरूलाई सीपमूलक तालिमको अवसर प्रदान गरी व्यावसायिक सीप अभिवृद्धि गर्ने ।

(त) शिक्षा, यातायात, विभिन्न किसिमका उद्योग, ब्यापार, कृषि लगायतका विभिन्न क्षेत्रमा कार्यक्रम तय गरी तत्सम्बन्धी काममा सदस्यहरूलाई व्यक्तिगत वा सामुहिक रूपमा पर्याप्त सुरक्षण आधारमा ऋण प्रवाह तथा सञ्चालन गर्ने ।

(थ) सदस्यहरूलाई दैनिक जीवनमा आवश्यक पर्ने विविध कार्यहरूमा न्यूनतम सेवा शुल्क लिई वा नलिई सेवा पुर्‍याउने काम गर्ने ।

(द) सदस्यहरूलाई सूचना प्रवाह गरी व्यावसायिक ज्ञान र अवसरमा पहुँच बढाउने काम गर्ने ।

(ध) आफ्ना सदस्यहरूलाई सानातिना जोखिममा सहयोग पुग्ने गरी सदस्यहरूको सामूहिक सहयोग उपलब्ध गराउने संस्थागत प्रबन्ध गर्ने ।

(न) कारोवारको मुनाफाबाट केही अंश छुट्याई सदस्यहरू एवम् तिनका परिवारका सदस्यहरूलाई रचनात्मक कार्यमा उत्प्रेरित गर्ने खालका सामाजिक कार्यक्रम सञ्चालन गर्ने ।

(प) विनियममा व्यवस्था भएका कोषहरूको प्रभावकारी ढङ्गले उपयोग गर्ने ।

(फ) सदस्यहरूबीच विप्रषेण (Remittance) सम्बन्धी सेवा उपलब्ध गराउन विभिन्न विप्रेषण (Remittance) सम्बन्धी कम्पनीहरूको एजेन्ट वा सव–एजेन्ट भई कार्य गर्ने ।

(ब) संस्थाको उद्देश्य प्राप्तिका लागि प्रचलित कानुनभित्र रही आवश्यक कार्यहरू सञ्चालन गर्ने ।

(भ) बिमा सम्बन्धी कारोबार गर्न राष्ट्रिय स्तरको बिमा कम्पनी संग व्यावसायीक सम्झौता गरी बिमा सम्बन्धि सेवा दिने ।

(म) संस्थाले आफ्नो कार्यक्षेत्र भित्र वा बाहिर दैवी प्रकोप, बाढीपहिरो, भुकम्प, हावाहुरी, चट्याङ् आदि विपत्ति परेका बखत संस्थाको क्षमतानुसार आर्थिक तथा अन्य सहयोग गर्ने ।

उपदफा (१) जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानुन बमोजिम कुनै निकायको स्वीकृति लिनुपर्ने सेवा वा व्यवस्थाको हकमा संस्थाले सम्बन्धित निकायको स्वीकृत लिएपछि मात्र प्राप्त स्वीकृतिको शर्त बन्देज अन्तर्गत रही त्यस्तो सेवा वा व्यवसाय सञ्चालन गर्नेछ ।

६. <u>कार्यक्षेत्र:</u>

यस संस्थाको कार्यक्षेत्र दाङ्ग जिल्लाको लमही नगरपालिका वडा न.......................हुनेछ ।

## परिच्छेद ३
## सदस्यता

७. सदस्यता :

(१) देहायका प्राकृतिका व्यक्तिहरू संस्थाको सदस्य हुनेछन् :

(क) संस्था दर्ताको  लागि निवेदन दिने व्यक्तिहरू र

(ख) दफा ८ वमोजिमको योग्यता पुगेका तथा दफा ९ बमोजिम सदस्यता वा दफा १३ बमोजिम पुनः सदस्यता प्राप्त दगरेका व्यक्तिहरू ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहका साथै नेपाल सरकार वा प्रदेश सरकारको पूर्ण स्वामित्व भएका निकायहरूले दफा १७ बमोजिम संस्थाको शेयर खरिद गरी सदस्य हुन सक्नेछन् ।

८. सदस्यताको लागि योग्यता :

(१) संस्थाको सदस्यता प्राप्त गर्न देहायको योग्यता पुगेको हुनुपर्नेछ :

(क) नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेको ।

(ख) संस्थाको कार्यक्षेत्र भित्र स्थायी रूपमा वा कम्तीमा एक वर्षदेखि नियमित रूपमा बसोबास भएको ।

(ग) संस्थाको मुख्य व्यावसायिक सेवा आवश्यक हुनुका साथै उपयोग गर्न सक्ने अवस्थामा रहेको ।

(घ) संस्थासँग प्रतिस्पर्धा हुने गरी संस्थाको कार्ययोजनामा गर्ने भनिएको कारोवार नभएको ।

(ङ) यस विनियममा उल्लेख भए बमोजिम सदस्यको उत्तरदायित्व बहन गर्न स्वीकार गरेको ।

(च) समान प्रकृतिको अन्य कुनै सहकारी संस्थामा सदस्य नरहेको ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्पत्ति शुद्धीकरण निवारण कानून बमोजिम पहिचान तथा सम्पुष्टि हुन नसकेको खण्डमा सदस्यता योग्यता नपुगेको मानिनेछ ।

९. सदस्यताका लागि निवेदन र प्राप्तिः

(१) संस्थाको सदस्यता लिन चाहने सम्बन्धित व्यक्तिले प्रचलित सहकारी ऐन, नियम र संस्थाको विनियम पालना गर्ने लिखित प्रतिबद्धतासहित संस्थाको अध्यक्षमार्फत समितिसमक्ष तोकिएको ढाँचामा निवेदन दिनुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम सदस्यता लिन चाहने व्यक्तिले सदस्यता लिन चाहेमा संस्थाको प्रकृति र भौगोलिक कार्यक्षेत्र भित्रको अन्य संस्थाको सदस्य नभएको स्वघोषणा पेश गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम निवेदन परेको मितिले तीस दिनभित्र समितिले प्रचलित कानूनको अधीनमा रही सदस्यता प्रदान गर्ने वा नगर्ने निर्णय गर्नुपर्नेछ ।

(४) उपदफा (१) बमोजिम सदस्यता लिन चाहने व्यक्तिले सहकारी विभागबाट जारी सदस्य पहिचान फारम भरी सञ्चालक समितिसमक्ष पेस गर्नु पर्नेछ ।

(५) नयाँ सदस्यता प्राप्त गरेका सदस्यहरूको अनुसूचि १ बमोजिमका विषयहरू उल्लेख गरी सदस्य दर्ता किताब खडा गरिने छ ।

१०. सदस्यता अन्त्यः

(१) कुनै पनि सदस्यको सदस्यता देहायमा उल्लेख भएको अवस्थामा कायम रहने छैन :

(क) मृत्यु भएमा,

(ख) मानसिक अवस्था बिग्रिएमा,

(ग) सदस्यले आफ्नो सदस्यता त्याग गरेमा,

(घ) लगातार वार्षिक साधारणसभामा बिना सूचना तीन पटक सम्म अनुपस्थित भएमा,

(ङ) संस्था विघटन भएमा,

(च) संस्थालाई हानि नोक्सानी हुने काम गरेको प्रमाणित भएमा,

(छ) ऐन तथा प्रचलित कानून बमोजिम सदस्यले पालना गर्नुपर्ने प्रावधानको बारम्बार उल्लङ्घन गरेमा,

(ज) विनियमको दफा ८ मा उल्लेखित सदस्यताको लागि चाहिने कुनै योग्यता नरहेमा,

(झ) समान प्रकृतिको अन्य सहकारी संस्थाको सञ्चालकको कुनै पदमा रहेको पाइएमा ।

(ञ) सम्पूर्ण शेयर हस्तान्तरण गरेमा वा शेयर वापतको रकम फिर्ता लिएमा ।

(२) उपदफा (१) मा जेसुकै कुरा लेखिएको भए तापनि कुनै सदस्यले संस्थाबाट प्राप्त गरेको ऋण वा संस्थालाई तिर्नु पर्ने बाँकी बक्यौता भुक्तानी गर्न बाँकी रहेछ भने त्यस्तो सदस्यले र त्यस्तो सदस्यको तर्फबाट धितो वा जमानत बस्ने अरु कुनै सदस्यले संस्थाको सदस्यताबाट राजीनामा गर्न पाउने छैन । राजीनामा स्वीकृत भइसकेको रहेछ भने पनि निजले संस्थालाई तिर्नुपर्ने दायित्वबाट उन्मुक्ति पाउनेछैन ।

११. सदस्यताबाट निष्कासन :

(१) सञ्चालक समितिले छानविन गरी एवम् सफाईको मौका समेत दिई कुनै सदस्यलाई निम्न आधारमा बहुमतको निर्णयले सदस्यताबाट निष्काशन गर्न सक्नेछः-

(क) संस्थाको सञ्चालन र प्रगतिमा हानि हुने कुनै किसिमको कार्य गरे गराएमा ।

(ख) संस्थाको स्वीकृत नीति र विनियम वर्खिलाप हुने काम गरे गराएमा ।

(ग) संस्थाको प्रतिष्ठामा आँच आउने खालको कार्य गरे गराएमा ।

(घ) संस्थाको चल अचल सम्पत्ति हिनामिना गरेको प्रमाणित हुन आएमा ।

(ङ) विनियममा व्यवस्था भएबमोजिम सदस्य हुन आवश्यक योग्यता नरहेमा ।

(२) उपदफा (१) बमोजिम कुनै सदस्यलाई सञ्चालक समितिले निष्कासन गर्नु अघि सम्बन्धित सदस्यलाई आफूलाई लागेको आरोप सम्बन्धमा स्पष्टीकरण दिने र आरोपको खण्डन गर्ने वा आवश्यक प्रमाण प्रस्तुत गर्न बढीमा ३५ दिनको म्याद दिइनेछ ।

(३) छानविनको क्रममा समितिको बहुमतको निर्णयले सम्बन्धित सदस्यलाई निलम्बन गरी संस्थाबाट कुनै खास सेवा वा सुविधा उपलब्ध गर्न नपाउने गरी बढीमा एक वर्षसम्मका लागि बन्देज लगाउन सक्नेछ ।

(४) उपदफा (१) र (२) अनुसारको निर्णयमा चित्त नबुझेमा सदस्यले साधारणसभा समक्ष पुनरावेदन गर्न सक्नेछ र साधारणसभाको बहुमतले गरेको निर्णय अन्तिम हुनेछ ।

१२. सदस्यताबाट राजीनामा :

(१) कुनै सदस्यलाई संस्थाको सेवा तथा सुविधा आफूलाई आवश्यक छैन भन्ने लागेमा सदस्यताबाट राजीनामा दिन सक्नेछ ।
तर, सदस्यता छाड्न चाहने सदस्यले संस्थाबाट लिएको ऋण वा अन्य कुनै बाँकी वक्यौता चुक्ता गर्न बाँकी रहेको खण्डमा त्यस्तो सदस्य र त्यस्तो सदस्यको जमानत बस्ने कुनै पनि सदस्यले राजीनामा दिन पाउने छैन ।

(२) सदस्य र त्यस्तो सदस्यको जमानत बस्ने सदस्यको राजीनामा स्वीकृत भई सकेको रहेछ भने पनि त्यस्तो व्यक्तिले संस्थालाई तिर्नु बुझाउनुपर्ने दायित्वबाट छुट पाउनेछैन ।

(३) सदस्यता छाड्न चाहने सदस्यलाई संस्थाको आर्थिक अवस्थाको विश्लेषणका आधारमा अर्थात शेयरको **Book Value** को आधारमा हिसाब लाभांश दिई शेयर रकम फिर्ता गरिनेछ ।

१३. पुनः सदस्यताः

(१) दफा ९ बमोजिम संस्थामा सदस्यताको लागि निवेदन माग गरेमा सञ्चालक समितिले छानविन गरी पुनः सदस्यता दिन सक्नेछ ।

(२) सदस्यताबाट दिएको राजीनामा समितिबाट स्वीकृत भई संस्थाको सदस्यताबाट हटेको व्यक्तिले पुनः सदस्यता प्राप्त गर्न चाहेमा राजीनामा स्वीकृत भएको मितिले एक वर्ष वा ३६५ दिन पछि मात्र पुन : रीतपूर्वक निवेदन दिएमा सदस्यता प्राप्त गर्न सक्नेछ ।

१४. सदस्यको काम, कर्तव्य र अधिकार :

सदस्यको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) एक सदस्य एक मतको मताधिकार प्रयोग गर्ने,

(ख) साधारणसभाबाट निर्वाचित भई संस्थाको व्यवस्थापनको नेतृत्व लिने वा विभिन्न जिम्मेवारीमा सक्रिय सहभागिताका लागि सरिक हुने,

(ग) संस्थामा नियमित रूपमा बचत गर्ने र सोमा निर्धारित ब्याज प्राप्त गर्ने,

(घ) संस्थाको बचत तथा ऋण नीतिको आधारमा ऋण प्राप्त गर्ने र सोको किस्ताबन्दी रूपमा साँवा तथा ब्याज नियमित रूपमा भुक्तानी गर्दै जाने,

(ङ) सदस्य एवम् समूहको हितमा सञ्चालकहरूलाई आवश्यक सल्लाह र सहयोग पुऱ्याउने,

(च) संस्थाको साधारणसभामा सहभागी भई छलफलमा भाग लिने तथा संस्थाको गतिबिधिका बारेमा जानकारी लिने,

(छ) साधारणसभाको विभिन्न विषयमा गरिने निर्णयमा आफ्नो मतको प्रयोग गर्ने,

(ज) संस्थाले सदस्यका लागि सञ्चालन गरेका सुबिधाको उपभोग निर्धारित बिधि अनुसार गर्ने,

(झ) सहकारीका प्रचलित कानून र सहकारीका सर्वमान्य सिद्धान्त बमोजिम संस्था नचलेको अवस्थामा संस्थाको स्वीकृत विनियम बमोजिम संस्था शुद्धीकरणको अभियानमा सक्रियता लिने ।

१५. सदस्यता खुला रहने:

(१) निर्धारित योग्यता पुगेको कुनै व्यक्तिलाई संस्थाको सदस्य बन्न राजनैतिक, आर्थिक, जातीय, लैङ्गिक आधारमा विभेद गर्नु नहुने,

(२) सदस्य संस्थाको कार्यक्षेत्र भित्र स्थायी रूपमा बसोबास गरेकै हुनुपर्ने,

(३) सदस्यताको जिम्मेवारी वहन गर्न स्वीकार गर्नुपर्ने,

(४) संस्थाले उपलब्ध गराउने सेवा उपभोग गर्न तयार हुनुपर्ने,

(५) सदस्यले संस्थाको सदस्यता छाड्न चाहेमा सदस्यता छाडी अलग हुन सक्ने,

(६) कृत्रिम छेकवार (बन्देज) लगाई सदस्य बन्नबाट बञ्चित गर्न नहुने ।

१६. सदस्यता प्राप्ति, पुनः प्राप्ति र राजीनामा स्वेच्छिक हुनुपर्ने:

(१) दफा ९ बमोजिम सदस्यताको लागि संस्थामा निवेदन पेश गरेमा सदस्यता प्राप्त गर्न सक्नेछ ।

(२) दफा ८ बमोजिम सदस्यताको लागि योग्यता पुगेमा संस्थाको सदस्यता प्राप्त गर्न सक्नेछ ।

(३) दफा ९ र १३ बमोजिम संस्थामा सदस्यताको लागि निवेदन माग गरेमा सञ्चालक समितिले छानविन गरी पुनः सदस्यता दिन सक्नेछ ।

(४) सहकारीको “स्वेच्छिक तथा खुला सदस्यता” सिद्धान्त बमोजिम संस्थाका शेयर सदस्यले सदस्यताबाट राजिनामा दिन सक्नेछ ।

## परिच्छेद-४
## पुँजी परिचालन

१७. शेयर पुँजी :

(१) संस्थाको सेवा सञ्चालनका लागि आवश्यक रकम यथाशक्य सदस्यहरुले दफा १८ बमोजिम सदस्यताको सर्त स्वरूप र दफा १९ बमोजिम स्वेच्छाले खरिद गरेको शेयर वापतको रकम पुँजीको रूपमा जुटाइनेछ।

(२) संस्थाको एक शेयरको मूल्य रु. १००।- (रुपैयाँ एक सय) हुनेछ।

(३) संस्थाले रु ......................... (अक्षरुपी ...................... रुपैया मात्र ) को कुल शेयर पुँजी परिचालन गर्ने छ।

(३) संस्थाले दफा ७ को उपदफा (२) मा उल्लेख गरिए बमोजिम सदस्य बन्न इच्छुक नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहका साथै नेपाल सरकार वा प्रदेश सरकारको पूर्ण स्वामित्व भएका निकायहरूलाई शेयर बिक्री गर्न सक्नेछ। तर अन्य कुनै कृत्रिम व्यक्तिलाई शेयर बिक्री गर्नेछैन।

(४) संस्थाले सदस्यहरूलाई शेयर लिए बापत संस्थाको छाप लागेको अनुसूचि २ अनुसार शेयर प्रमाणपत्र दिनेछ। शेयर प्रमाणपत्र बापत संस्थाले निश्चित रकम लिन सक्नेछ। सो प्रमाणपत्र हराएमा वा नासिएमा रु. १०० वा......../- तिरी सोही शेयर धनी क्रम सङ्ख्याको अर्को प्रतिलिपि प्रमाणपत्र दिइनेछ।

(१८) सदस्य बन्न कम्तीमा एक शेयर खरिद गर्नुपर्ने:

(१) दफा ९ बमोजिम सदस्यता स्वीकार भैसकेपछि शेयर सदस्यले कम्तिमा १ कित्ता (रु. १००) को शेयर खरिद गर्नुपर्नेछ।

(२) एक सदस्यले संस्थाको कुल भुक्तानी शेयर पुँजीको २० प्रतिशतमा नबढाई शेयर खरिद गर्न सक्नेछन्।

(३) संस्थाले सार्वजनिक रूपमा विज्ञापन गरी शेयर बिक्री गर्ने छैन।

(४) संस्थाले अर्को प्रारम्भिक सहकारी संस्थाको शेयर खरिद गर्ने छैन।
तर सहकारीको सिद्धान्त एवम् प्रचलित कानून बमोजिम सहकारी संस्थाहरु बीच आपसी सम्झौता बमोजिम संयुक्त रूपमा कुनै कार्यक्रम सञ्चालन गर्न वा संस्थाको हितका लागि आर्थिक कारोवार गर्न सकिनेछ।

(५) संस्थाले वाणिज्य बैंक वा वित्तीय संस्था वा अन्य कम्पनीको शेयर खरिद गर्ने छैन ।
तर, सहकारी बैंक वा आफू सदस्य रहेको सहकारीका संघहरूको शेयर खरिद गरी सहकारीको विकासमा योगदान पुऱ्याउनेछ।

(१९) थप शेयर खरिद गर्न सक्ने:

दफा १८ उपदफा (२) बमोजिम एक सदस्यले संस्थाको कुल भुक्तानी शेयर पुँजीको २० प्रतिशतमा नबढाई थप शेयर खरिद गर्न सक्नेछन्।

(२०) शेयर फिर्ता वा हस्तान्तरण:

(१) कुनै सदस्यको सदस्यता कायम नरहेमा निजले शेयर खरिद गरी संस्थामा लगानी गरेको रकम संस्थाको पछिल्लो आर्थिक वर्षको हिसाब जाँच पश्चात निजले पाउनु पर्ने देखिएको रकम फिर्ता पाउनेछ।

(२) संस्थाले कुनै सदस्यको मृत्यु भएमा वा बहुलाएको प्रमाणित भएमा निजको नाउँमा रहेको र संस्थाबाट निजलाई प्राप्त हुने हक निजले कुनै हकवाला मनोनित गरेको रहेछ भने सो हकवालालाई र सो हकवाला नभए प्रचलित कानून बमोजिमको हकवालाको नाउँमा कानूनको अधीनमा रही नामसारी गरिदिनेछ।

(२१) प्रवेश शुल्क:
विनियमको दफा ९ अनुसार निवेदन स्वीकार भएको अवस्थामा निवेदकले प्रवेश शुल्क रु.१००।- (एक सय) पछि फिर्ता नहुने गरी बुझाउनु पर्नेछ।

(२२) कृत्रिम छेकवार नलगाइने :
(१) संस्थाको सदस्यता प्राप्त गर्न चाहने व्यक्तिलाई दफा ८ को उपदफा (१) बमोजिम योग्यता नपुगेको वा उपदफा (२) मा उल्लिखित अवस्था भएकोमा बाहेक दफा १८ बमोजिम खरिद गर्नुपर्ने एक शेयरको वा दफा २१ बमोजिम बुझाउनुपर्ने प्रवेश शुल्कको रकम बढी राखेर वा औपचारिक वा अनौपचारिक रूपमा अघि र अहिलेको हिसाब मिलाउने वा अन्य कुनै प्रकारको सम्मतिको निहुँपिउँमा खुला सदस्यताको सर्वमान्य सहकारी सिद्धान्त विपरीत कृत्रिम छेकबार लगाइने छैन।
(२) कुनै निवेदकले उपदफा (१) बमोजिम आफूलाई कृत्रिम छेकबार लगाइएको भन्ने लागेमा साधारणसभा वा दर्ता गर्ने अधिकारी समक्ष उजुरी दिन सक्नेछ।

(२३) शेयर प्रमाण पत्र:
संस्थाले सदस्यहरूलाई शेयर खरिद गरे वापत तोकिए बमोजिम संस्थाको छाप लागेको र अधिकार प्राप्त पदाधिकारीको हस्ताक्षर भएको शेयर प्रमाणपत्र जारी गर्नेछ। शेयर प्रमाणपत्र हराएमा वा नासिएमा रु. १००।- तिरी सदस्यले अर्को प्रमाणपत्र प्राप्त गर्न सक्नेछन्।

(२४) सदस्यको दायित्व सीमित हुने:
(१) सदस्यको दायित्व आफूले लिएको शेयर रकम सम्म मात्र सीमित रहनेछ।
(२) संस्थाको विनियमको पालना गर्नु सम्पूर्ण सदस्यहरूको दायित्व हुनेछ।

## परिच्छेद-५
## साधारण सभा

२५. <u>प्रारम्भिक साधारणसभा</u> :
(१) तदर्थ सञ्चालक समितिले संस्था दर्ता भएको मितिले तीन महिनाभित्र संस्थाको प्रारम्भिक साधारणसभा सम्पन्न गर्नेछ।
(२) उपदफा (१) बमोजिम समितिले प्रारम्भिक साधारणसभा नबोलाएको अवस्थामा कुनै सदस्यले प्रारम्भिक साधारणसभा बोलाई दिन लमही नगरपालिका, सहकारी शाखा, लमहीमा निवेदन दिएमा वा त्यस्तो निवेदन नदिएमा पनि अधिकारी प्राप्त अधिकारीले सहकारी ऐन, नियम अनुसार प्रारम्भिक साधारणसभा बोलाउन सक्नेछ।
(३) संस्थाको कुल सदस्य संख्याको ५१ प्रतिशत सदस्यहरूको उपस्थिति भएमा प्रारम्भिक साधारणसभा सञ्चालन गर्न गणपूरक संख्या पुगेको मानिनेछ।
(४) प्रारम्भिक साधारणसभाले देहायका कार्यहरु गर्नेछ :–
(क) प्रारम्भिक साधारणसभा हुने अघिल्लो दिन सम्मको काम कारबाही र आर्थिक कारोबारको जानकारी लिने,
(ख) चालु आर्थिक वर्षको लागि वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने ,
(ग) प्रतिवेदन तथा वित्तीय विवरण अनुमोदन गर्ने ,
(घ) विनियममा उल्लेख भए बमोजिम समिति वा लेखा सुपरीवेक्षण समितिको निर्वाचन गर्ने
(ङ) आन्तरिक कार्यविधि पारित गर्ने ,
(च) लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने ,
(छ) विनियममा तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने।

२६. **वार्षिक साधारणसभा :**

(१) संस्थाका सम्पूर्ण शेयर सदस्यहरू भएको एउटा साधारणसभा हुनेछ। प्रत्येक आर्थिक वर्ष समाप्त भएको ६ महिनाभित्र सञ्चालक समितिले वार्षिक साधारणसभा बोलाउने छ।

(२) उपदफा (१) बमोजिम वार्षिक साधारणसभा नबोलाइएको अवस्थामा कुनै सदस्यले त्यस्तो सभा बोलाउन लमही नगरपालिका, सहकारी शाखामा निवेदन दिएमा वा नदिएमा पनि उपदफा (१) मा तोकिएको म्याद समाप्त भएको मितिले ३५ दिनभित्र दर्ता गर्ने अधिकार प्राप्त अधिकारीले त्यस्तो सभा बोलाउन सक्नेछ। यसरी बोलाएको सभा सञ्चालनको सम्पूर्ण दायित्व संस्थाको हुनेछ।

(३) उपदफा (१) र उपदफा (२) बमोजिम वार्षिक साधारणसभा बोलाउँदा सभा हुने स्थान, समय र मिति तथा छलफलका विषयहरु समेत खुलेको विवरण कम्तीमा एक्काईस (२१) दिन अगावै सदस्यहरुलाई सार्वजनिक रुपमा सूचना दिनुपर्ने कर्तव्य सञ्चालक समितिले निर्वाह गर्नेछ। यस्तो सूचना स्थानीय पत्रपत्रिका मार्फत प्रकाशित गरिनेछ। सूचनाको प्रभावकारिताका लागि स्थानीय सञ्चारका विद्युतीय माध्यम समेतको प्रयोग गर्न सकिनेछ

(४) वार्षिक साधारणसभाको गणपूरक संख्या त्यस्तो सभाको कुल सदस्य संख्याको कम्तिमा ५१ प्रतिशत सदस्यहरू उपस्थित भएमा सभाको काम कारवाही सुरु हुनेछ।

(५) गणपूरक संख्या सम्बन्धी व्यवस्था प्रचलित कानूनमा भए अनुसार हुनेछ।

(६) वार्षिक साधारणसभाको सभापतित्व समितिको अध्यक्षले गर्नेछ। अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले र निजको पनि अनुपस्थितिमा उपस्थित सदस्यहरूले आफूमध्येबाट छानेको सदस्यले सभाको सभापतित्व गर्नेछ।

(७) वार्षिक साधारणसभामा छलफल गरिने सबै विषयहरू प्रस्तावको रूपमा सभाको सभापतित्व गरेको सदस्यले पेस गर्नु पर्नेछ र त्यस्तो प्रस्ताव सभामा उपस्थित सदस्यहरूको बहुमतबाट निर्णय गरिने छ। मत बराबर भएमा सभापतिले निर्णायक मत दिनु पर्नेछ।

२७. **विशेष साधारण सभा :**

(१) ऐन तथा नियमावलीमा उल्लेख भए बमोजिमको अवस्था र विधि अनुसारको विशेष साधारणसभा बस्नेछ।

(२) उपदफा (१) को अवस्थाका साथै संस्थाको कार्य सञ्चालनका लागि आवश्यक लेखाजोखा वा प्रस्तावको मस्यौदा गर्नु अगावै सैद्धान्तिक स्वीकृति वा मार्गदर्शन लिनुपर्ने अवस्थामा समितिले विशेष साधारणसभा बोलाउन सक्नेछ।

२८. साधारणसभाको बैठक

(१) साधारणसभाको बैठक डाकिएको सूचना र कार्यसूची सबै सदस्यहरूले समयमै प्राप्त गर्ने गरी एस.एम. एस., एफ. एम., रेडियो, पत्रपत्रिका लगायत सम्भव भएसम्म स्थानीय सञ्चारका बहु माध्यमबाट दिनुपर्नेछ।

(२) समितिले साधारणसभाको बैठकमा सदस्यहरू साक्षात् उपस्थित हुनुपर्नेछ।

(३) समितिले साधारणसभाको बैठकमा पेश गरिने विषयको प्रस्तावका साथै निर्णयमा पुग्न सहयोगी कागजात सदस्यहरूलाई बैठक बस्ने दिन अगावै यथाशक्य उपलब्ध गाउनु पर्दछ वा सजिलै उपलब्ध हुन सक्ने गरी व्यवस्था मिलाउनु पर्दछ।

(४) साधारणसभाको बैठकमा उद्घाटनको कार्यक्रम राख्नु हुँदैन तथा विचार-विमर्शका लागि पर्याप्त समय छुट्याउनु पर्दछ। तर यसमा लेखिएको कुनै कुराले संस्था स्थापना दिवसको अवसरमा उद्घाटनको कार्यक्रम राख्न बाधा पर्ने छैन।

(५) साधारणसभाको बैठकको निर्णय बैठकको अध्यक्षता गर्ने व्यक्ति, उपस्थिति सञ्चालकहरूका साथै समितिको कुल सदस्य संख्याभन्दा कम्तिमा एक जना बढी हुने गरी बैठकले उपस्थित

साधारण सदस्यहरू मध्येबाट चुनेका सदस्यहरूले प्रत्येक पानामा सहिछाप गरी प्रमाणित गर्नुपर्दछ ।

(६) ऐन तथा नियमावलीको व्यवस्था अनुसार सदस्य संख्या दुई हजार नाघेपछि एकै स्थानमा सबै जना जम्मा भए साधारणसभाको बैठक गर्न असुविधा परी वडा-वडा वा पायकको स्थान-स्थानमा समान कार्यसूची राखेर साधारणसभा डाक्नु पर्दा प्रत्येक स्थानमा सञ्चालक तथा लेखा सुपरिवेक्षण समितिका पदाधिकारीहरू सबैलाई उपस्थितिका लागि डाक्नु पर्दछ ।

(७) उपदफा (६) मा उल्लिखित अवस्थामा सबै बैठकहरूको अध्यक्षता गर्ने व्यक्तिहरूका साथै समितिका पदाधिकारीको जम्मा संख्याको कम्तिमा दोब्बर संख्या पुग्ने गरी प्रत्येक
बैठकबाट कम्तीमा तीन जनाका दरले चुनिएका प्रतिनिधिहरूको साधारणतया अन्तिम बैठक
बसेको सात दिनभित्र संस्थामा जम्मा भएर प्रत्येक पानामा सहीछाप गरी बैठकको निर्णय प्रमाणित गर्नेछन् ।

(८) उपदफा (६) को अवस्थामा प्रत्येक बैठकको निर्णय अध्यक्षता गर्ने व्यक्ति र उपदफा (७) बमोजिम चुनिएका प्रतिनिधिहरूले प्रत्येक पानामा सहीछाप गरी प्रमाणित गर्नेछन् ।

(९) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि सबै वा कुनै बैठकको अध्यक्षता
गरेको बाहेक सञ्चालक वा लेखा समितिका पदाधिकारीहरूले उपदफा (७) बमोजिम प्रमाणित
हुने बैठकको निर्णय प्रमाणित गर्नु आवश्यक हुने छैन ।

(१०) साधारणसभाको बैठकको कार्यविधिका सम्बन्धमा अन्य व्यवस्था दर्ता गर्ने अधिकारीले तोकिदिए बमोजिम हुनेछ ।

२९. साधारणसभाको काम, कर्तव्य र अधिकार :

(१) वार्षिक साधारणसभाको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुने छ :-

- (क) वार्षिक कार्यक्रम तथा बजेट स्वीकृति गर्ने ,
- (ख) वार्षिक लेखापरीक्षण प्रतिवेदन अनुमोदन गर्ने ,
- (ग) समिति वा लेखासुपरीवेक्षण समितिको निर्वाचन तथा विघटन गर्ने ,
- (घ) सञ्चालक वा लेखा सुपरीवेक्षण समितिको संयोजक वा सदस्यलाई पदबाट हटाउने,
- (ङ) समिति वा लेखा सुपरीवेक्षण समितिको वार्षिक प्रतिवेदन पारित गर्ने ,
- (च) विनियम संशोधन तथा आन्तरिक कार्यविधि पारित गर्ने,
- (छ) लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने,
- (ज) संस्था एकीकरण वा विघटन सम्बन्धि निर्णय गर्ने,
- (झ) पारिश्रमिक लगायतका सुविधा तोक्ने,
- (ञ) ऋण तथा अनुदान प्राप्त गर्ने सम्बन्धमा निर्णय गर्ने ,
- (ट) सदस्यको दायित्व मिनाहा दिने,
- (ठ) समितिलाई आवश्यक निर्देशन दिने,
- (ड) विनियममा तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने ।

(२) संस्था विघटन, एकीकरण वा विभाजन गर्नुपर्ने भएमा सहकारी ऐन, नियम बमोजिमको प्रक्रिया पुऱ्याई गरिनेछ ।

३०. साधारणसभाको निर्णय अनिवार्य हुने:

यस विनियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको विषयमा साधारणसभाको
निर्णय अनिवार्य हुनेछ ।

(क) संस्थाको कार्य सञ्चालनका लागि कर्मचारी प्रशासन, परामर्शदाता नियुक्ति, आर्थिक प्रशासन लगायतका कार्यविधिहरु बनाउने ।

(ख) संस्थाले नेपाल सरकार वा प्रदेश सरकारका निकाय, स्थानीय तह, अन्य सहकारी संघ/संस्था, गैर सरकारी संगठनसँगको साझेदारीमा कुनै काम गर्ने सम्बन्धमा निर्णय लिने ।

(ग) निजी क्षेत्रको कुनै उद्योग, व्यवसायसँग संस्थाले व्यावसायिक सम्झौता गर्नुपर्ने अवस्थामा त्यस्तो सम्झौताको ढाँचा समेत तोकी पूर्व स्वीकृति दिने ।

(घ) संस्थाले कुनै निकायबाट ऋण लिने वा अन्यथा दीर्घकालीन भैपरि दायित्व सिर्जना गर्ने ।

(ङ) बचत तथा ऋणको ब्याजदर निर्धारण गर्ने ।

(च) लेखापरीक्षकको नियुक्ति गर्ने वा पारिश्रमिक तोक्ने ।

(छ) वार्षिक कार्यक्रम बजेटका साथै जुनसुकै योजना, नीति, रणनीति पारित गर्ने ।

(ज) सञ्चालक वा लेखा सुपरीवेक्षण समितिका पदाधिकारीहरूको सुविधा तोक्ने वा संस्थाको खर्चमा निजहरूलाई वैदेशिक सभा, व्यापार मेला वा अवलोकन भ्रमण लगायतमा पठाउने ।

३१. गाउँ/टोल/उप-क्षेत्रीय बैठक :

१. संस्थाका समस्त क्रियाकलापमा सहभागिता सुगम बनाउन कार्यक्षेत्र अन्तर्गत साधारतया ३ जनाभन्दा बढी सदस्य पर्ने पायकको गाउँ, टोल वा उपक्षेत्रमा सङ्कलन, वितरण वा परिचालन सेवा संयोजनको विन्दु पारेर साधारणसभाबाट तोकिए अनुसार सात ओटा उपक्षेत्र कायम गरिनेछ ।

२. उपदफा (१) बमोजिम कायम गरिएको प्रत्येक गाउँ/टोल/उपक्षेत्र भित्रका सदस्यहरू सबै जना स्वतः सहभागी हुने गरी सदस्य सहभागिताको विस्तारित मञ्चको रूपमा गाउँ/टोल/उपक्षेत्रीय बैठक रहनेछ ।

३२. गाउँ/टोल/उप-क्षेत्रीय बैठकका कार्यहरू:

१. गाउँ/टोल/उप-क्षेत्रीय बैठकका कार्यहरू देहाय बमोजिम हुनेछन् :

(क) सदस्यहरूको आर्थिक उन्नयनका लागि समस्या तथा सम्भावनाहरूको सहभागितामूलक लेखाजोखा गरेर व्यावसायिक योजना तर्जुमा गरी संस्थामा पठाउने ।

(ख) सदस्यहरूका साथै समुदायका सबैले सामना गर्नु परिरहेको समस्याहरूको सम्बोधनका लागि सरोकारवालाहरूसँग मिलेर कार्ययोजनाहरु तर्जुमा एवम् कार्यान्वयनको व्यवस्था मिलाउने ।

(ग) शिक्षा, स्वास्थ्य शिविर लगायतका शैक्षिक एवम् जनचेतनामूलक गतिविधिहरु विस्तार गरेर समुदायमा सहकारी जागृति ल्याउने ।

(घ) संस्थाका सेवाहरुको सञ्चालनमा क्रियाकलाप केन्द्रको रूपमा कार्य, श्रोत तथा साधनको जिम्मा लिएर सक्रिय भूमिका खेल्ने ।

(ङ) नगरपालिकामा नेपाल सरकार, प्रदेश सरकारका निकायहरू र गैर सरकारी संगठनहरूबाट प्राप्त हुने सेवाहरूमा सदस्यहरूको पहुँच दिलाउन संस्थामार्फत सेवा प्रदायकहरूसँग सम्पर्क स्थापना, बैठकमा आमन्त्रण, सहकार्यको प्रस्तावसमेतका पहलकदमी लिने ।

(च) समुदायका विपन्न सदस्यहरूसम्म सदस्यता विस्तार गर्नुका साथै संस्था तथा सम्बन्धित प्रदायकहरूबाट प्राप्त हुने सेवाहरूमा उनीहरूको पहुँच स्थापित गराउने,

(छ) संस्थाको नेतृत्व पङतिले सदस्यहरूको अपेक्षा अनुसार कार्य गरे, नगरेको बहस चलाएर विचलनहरूमा खबरदारी गर्ने ।

(ज) आफ्नै प्रयासबाट जीविकोपार्जनका आधारहरू फराकिला पार्न सकिन्छ भन्ने खालका रचनात्मक अभ्यासहरूबाट पहिचान बनाउने ।

(झ) यस विनियमका व्यवस्थाका साथै साधारणसभाबाट भएका निर्णयहरूको कार्यान्वयन एवम् सोको सिलसिलामा आवश्यक अन्य कार्यहरु गर्ने ।

२. समितिले संस्थाको रणनीति, व्यावसायिक योजना वा कार्यक्रम बजेट तर्जुमा गर्दा गाउँ/टोल/उप-क्षेत्रीय बैठकबाट प्राप्त पर्ने खालको कुनै प्रस्तावको मस्यौदामा गाउँ/टोल/उप-क्षेत्रीय बैठकको प्रतिक्रिया लिएर प्राप्त प्रतिक्रियाको विवरण समेत खुलाएर साधारणसभामा पेश गर्नुपर्नेछ ।

३३. गाउँ/टोल/उप-क्षेत्रीय बैठकको कार्य व्यवस्था:

१. गाउँ/टोल/उप-क्षेत्रीय बैठकको कार्य व्यवस्था मिलाउन देहाय बमोजिमको संयोजन समिति रहनेछ ।

(क) दफा ३४ बमोजिम गाउँ/टोल/उप-क्षेत्रीय बैठकको प्रतिनिधित्व गर्न समितिको सदस्य -संयोजक

(ख) सदस्यहरु मध्येबाट निर्वाचित - कोषाध्यक्ष

(ग) सदस्यहरु मध्येबाट निर्वाचित दुई जना - सदस्य

(घ) सदस्यहरु मध्येबाट निर्वाचित -सदस्य-सचिव

२. गाउँ/टोल/उप-क्षेत्रीय बैठक प्रत्येक महिना कम्तीमा एकपल्ट पर्ने गरी आवश्यकता अनुसार बस्नेछ ।

३. गाउँ/टोल/उप-क्षेत्रीय बैठकमा अन्तर्गतका सबै सदस्यहरूलाई अनिवार्य रूपमा डाक्नुपर्नेछ । तर यसमा लेखिएको कुनै कुराले बैठकको कार्यसूची तयार गर्ने वा निर्णय कार्यान्वयन गर्ने सिलसिलामा संयोजन समितिका सदस्यहरू मात्र बसी बैठक राख्न बाधा पर्ने छैन ।

४. गाउँ/टोल/उप-क्षेत्रीय बैठकको गणपूरक संख्या ५१ प्रतिशत हुनेछ र उपस्थित सदस्यहरूको बहुमतबाट जुनसुकै निर्णय गर्न सकिनेछ ।

## परिच्छेद-६

## प्रतिनिधिमूलक अङ्गहरु

३४. सञ्चालक समिति:

(१) संस्थाको दैनिक कार्य सञ्चालनका लागि साधारणसभाले एक/एक जना अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष समेत जम्मा ७ जनाको सञ्चालक समिति गठन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम समितिको गठन गर्दा अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्षको निर्वाचन साधारणसभाका सम्पूर्ण सदस्यहरू मध्येबाट र बाँकी सदस्यहरूको निर्वाचन दफा ३१ को उपदफा (१) बमोजिम कायम हुने उपक्षेत्रहरू प्रत्येकबाट एक जना पर्ने गरी सम्बन्धित उप क्षेत्रभित्रका सदस्यहरू मध्येबाट गरिने छ । तर संस्था दर्ता भएकै वर्ष बाहेक कुनै सदस्य सदस्यता लिएको एक वर्ष व्यतीत नभई सञ्चालकमा उम्मेदवार बन्न सक्ने छैन ।

(३) उपदफा (२) बमोजिम निर्वाचन गर्दा उपलब्ध भएसम्म कम्तीमा ३३ प्रतिशत (अर्थात चार जना) महिला पर्ने गरी प्रत्येक निर्वाचनमा कम्तीमा तीनओटा फरक गाउँ/टोल/उप-क्षेत्रीय बैठकहरूबाट महिला सदस्यहरू मध्येबाट मात्र उम्मेदवार बन्ने र साथै अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव र कोषाध्यक्षमध्ये समेत प्रत्येक निर्वाचनमा फरक पर्ने गरी कम्तीमा एउटा पदमा महिला सदस्यहरू मध्येबाट मात्र उम्मेदवार बन्ने गरी साधारणसभाले निर्णय गर्नेछ ।

(४) सञ्चालकहरूको पदावधि चार वर्ष हुनेछ तथा उनीहरू पुनः निर्वाचित हुन सक्नेछन् । तर एकै व्यक्ति लगातार दुईपटक भन्दा बढी एकै पदमा निर्वाचित हुन सक्ने छैन ।

(५) सञ्चालकको पद कुनै कारणबाट रिक्त हुन आएमा बाँकी अवधिका लागि उप-निर्वाचनबाट पूर्ति गरिनेछ ।

(६) उपदफा (५) बमोजिम उप-निर्वाचन गर्दा उपदफा (३) बमोजिम महिला सदस्यहरू मध्येबाट उम्मेदवार भई निर्वाचित भएको पद रिक्त भएको भए तदनुसार नै गरिनेछ ।

(७) नयाँ समितिको निर्वाचन नभएसम्म मौजुदा समितिले नै कार्य गर्नेछ ।

३५. सञ्चालक समितिको काम, कर्तव्य र अधिकार:

सदस्यहरूको हितलाई ध्यानमा राखी सञ्चालक समितिले देहाय बमोजिमका कार्यहरू गर्नेछ:-

(क) सहकारीका मूल्य, मान्यता र सिद्धान्त बमोजिम सहकारी संस्था सञ्चालन गर्ने,

(ख) आर्थिक तथा प्रशासकीय कार्य गर्ने, गराउने,
(ग) प्रारम्भिक साधारणसभा, वार्षिक साधारणसभा तथा विशेष साधारणसभा बोलाउने,
(घ) साधारणसभाका निर्णयहरू कार्यान्वयन गर्ने, गराउने,
(ङ) संस्थाको नीति, योजना, बजेट तथा बार्षिक कार्यक्रमको तर्जुमा गरी साधारणसभा समक्ष पेश गर्ने ,
(च) संस्थाको सदस्यता प्रदान गर्ने तथा सदस्यताबाट हटाउने,
(छ) शेयर नामसारी तथा फिर्ता सम्बन्धी कार्य गर्ने ,
(ज) सम्बन्धित संघको सदस्यता लिने,
(झ) विनियम तथा आन्तरिक कार्यविधि तयार गरी साधारणसभामा पेश गर्ने,
(ञ) संस्थाको कार्यक्षेत्र भित्र संस्थाको कारोबार र व्यवसायको हित प्रवर्द्धनको लागि आवश्यक कार्य गर्ने, गराउने ।

३६. समितिको बैठक

(१) संस्थाको कार्य सञ्चालनको लागि समितिको वैठक नियमित रूपमा बस्नेछ । समितिको दुई बैठक बीच बढीमा ४५ दिन भन्दा बढीको अन्तर हुने छैन । अध्यक्ष स्वयम्ले वा अध्यक्षको निर्देशानुसार तोकिएको मिति, स्थान र समयमा सचिवले समितिको वैठक बोलाउनेछ ।
(२) अध्यक्षले बैठकको अध्यक्षता गर्नेछ । अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले बैठकको अध्यक्षता गर्नेछ ।
(३) समितिका एकाउन्न प्रतिशत सञ्चालकहरू बैठकमा उपस्थित भए बैठक सञ्चालनको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।
(४) समितिका कम्तीमा ३ जना सञ्चालकहरूले समितिको बैठक डाक्न अध्यक्षलाई लिखित सूचना गरेमा ७ दिनभित्र समितिको बैठक बस्ने व्यवस्था गरिनेछ ।

३७. लेखा सुपरीवेक्षण समिति:

(१) नियमित रूपमा संस्थाको आन्तरिक वित्तीय सुशासन कायम गराउन साधारणसभाले एक जना संयोजक र दुई जना सदस्यहरु रहेको लेखा सुपरीवेक्षण समिति गठन गर्नेछ ।
(२) उपदफा (१) बोजिम लेखा सुपरीवेक्षण समिति गठन गर्दा साधारणसभाका सम्पूर्ण सदस्यहरू मध्येबाट निर्वाचन गरिनेछ ।
(३) लेखा सुपरीवेक्षण समितिका संयोजक वा सदस्यहरूको पदावधि तथा रिक्त पदपूर्तिको व्यवस्था सञ्चालक सरह हुनेछ ।

३८. लेखा सुपरीवेक्षरण समितिको काम, कर्तव्य र अधिकार:

(१) लेखा सुपरीवेक्षण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-
(क) प्रत्येक चौमासिकमा सहकारी संस्थाको आन्तरिक लेखापरीक्षण गर्ने, गराउने,
(ख) आन्तरिक लेखापरीक्षण गर्दा लेखापरीक्षणका आधारभूत सिद्धान्तको पालना गर्ने, गराउने,
(ग) वित्तीय तथा आर्थिक कारोवारको निरीक्षण तथा मूल्याङ्कन गर्ने, गराउने,
(घ) समितिको काम कारवाहीको नियमित सुपरीवेक्षण गर्ने र समितिलाई आवश्यक सुझाव दिने,
(ङ) साधारणसभाको निर्देशन, निर्णय तथा समितिका निर्णय कार्यान्वयन भए नभएको अनुगमन गर्ने, समग्र वित्तीय अनुशासन कायम भए नभएको जाँचबुझ गर्ने,
(च) लेखा सम्बन्धी प्रतिवेदन र समितिको काम कारबाहीको सुपरीवेक्षण सम्बन्धी वार्षिक प्रतिवेदन साधारणसभा समक्ष पेश गर्ने ,
(छ) आफूले पटक पटक दिएका सुझाव कार्यान्वयन नभएको कारणबाट कुनै संस्थाको हितमा प्रतिकूल असर परेमा वा त्यस्तो संस्थाको नगद वा जिन्सी सम्पत्तिको व्यापक

रूपमा हिनामिना वा अनियमितता भएको वा संस्था गम्भीर आर्थिक संकटमा पर्न लागेकोमा सोको कारण खुलाई विशेष साधारणसभा बोलाउन समितिसमक्ष सिफारिस गर्ने ,

(ज) आवश्यक परेमा आन्तरिक लेखापरीक्षक नियुक्तिका लागि तीन जनाको नाम सञ्चालक समितिमा सिफारिस गर्ने ।

(२) लेखा सुपरीवेक्षण समितिको संयोजक वा सदस्य संस्थाको दैनिक आर्थिक प्रशासनिक कार्यमा सहभागी हुन पाउने छैन ।

३९. समिति वा लेखा सुपरीवेक्षण समितिको सदस्यमा बहाल रहन नसक्ने अवस्थाः

देहायका अवस्थामा समिति वा लेखा सुपरीवेक्षण समितिको सदस्यमा बहाल रहन नसक्ने मानिनेछ :-

(क) अध्यक्ष बाहेक अन्य पदाधिकारीले अध्यक्ष समक्ष दिएको राजीनामा समितिले स्वीकृत गरेमा र अध्यक्षको हकमा साधारणसभाले निजको राजीनामा स्वीकृत गरेमा ।

(ख) मृत्यु भएमा ।

(ग) समितिबाट स्वीकृति नलिई संस्थाको कार्य प्रकृतिसँग मेल खाने निजी व्यापार सञ्चालन गरेको प्रमाणित हुन आएमा ।

(घ) विनियमको दफा ८ बमोजिम सदस्यता हुने योग्यता नरहेमा ।

(ङ) समितिको कुनै सदस्य सोही संस्थाको कर्मचारी भई काम गरेमा । तर निर्णय अनुसार कुनै सञ्चालकले प्रबन्धक वा व्यवस्थापकको रूपमा काम गर्न सक्नेछ ।

(च) विना सूचना लगातार ३ वटा सम्म बैठकमा अनुपस्थित भएमा ।

(छ) १ वर्ष भन्दा बढी अवधिका लागि निरन्तर बस्ने गरी विदेश गएमा ।

(ज) लमही नगरपालिका भित्रकै समान प्रकृतिको अन्य सहकारी संस्थाको सदस्य वा सञ्चालक वा कुनै समिति उपसमितिको पदाधिकारी भएको प्रमाणित हुन आएमा ।

(झ) पदावधि समाप्त भएमा ।

(ञ) साधारणसभाको निर्णय अनुसार पदबाट हटाएमा वा समिति विघटन गरिएमा ।
तर उपरोक्त (ग) वा (ज) बमोजिम सञ्चालकको बारेमा निर्णय लिनु अघि निजलाई सफाईको मौका वा उपरोक्त बमोजिमका जिम्मेवारी छाड्ने मनासिव माफिकको समय सीमा प्रदान गर्नु पर्नेछ ।

(ट) अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

४०. उप-समितिहरूको गठनः

समितिले संस्थाको उद्देश्य र कार्यहरू सञ्चालन गर्न आवश्यकतानुसार अन्य उप-समितिहरूको गठन गर्न सक्नेछ । समितिले त्यसरी उपसमितिको गठन गर्दा त्यस्तो उपसमितिले गर्नुपर्ने काम, कार्य सम्पन्न गर्नुपर्ने अवधि तथा निजहरूको शर्त तथा सुविधाहरू तोकिदिनेछ । यसका अलावा संस्थाले आफ्नो कार्य प्रकृति अनुसार अन्तर समूह र समूहको व्यवस्था गर्न सक्नेछ ।

४१. प्रतिनिधित्व

दफा ४० बमोजिम कुनै सहकारी संस्थाले आफ्नो कार्य प्रकृति अनुसार अन्तर समूह र समूह गठन गरेमा तपसिल बमोजिम प्रतिनिधित्व हुने व्यवस्था मिलाउनेछ ।

(क) समुह सदस्यहरूको समान विकास र सशक्तीकरणका लागि आलोपालो क्रम अनुसार जिम्मेवारी विभाजन गरिनेछ ।

(ख) सबै सदस्यहरूलाई उमेरको जेष्ठता क्रमबाट पहिलो दोश्रो गर्दै पालो क्रम निर्धारण गरी त्यही क्रममा अध्यक्ष र उपाध्यक्ष पदको जिम्मेवारीको पालो निर्धारण हुनेछ ।

(ख) सबै सदस्यहरूलाई राम्ररी पढ्न लेख्न जानेको क्रमबाट पहिलो दोश्रो गर्दै पालो क्रम निर्धारण गरी त्यही क्रममा सचिव पदको जिम्मेवारीको पालो निर्धारण हुनेछ ।

(घ) समुहका अध्यक्ष, उपाध्यक्ष र दसचिवको कार्यावधि १ बर्षको हुनेछ।

(ङ) समुहले अन्तर समुहको निर्वाचन हुनु भन्दा पूर्व समुहले आफ्नो कार्य विभाजन गरी सकेर अन्तर समुहमा आफ्नो प्रतिनिधि पठाउने छ।

(च) समुहका अध्यक्ष, उपाध्यक्ष र सचिवको पदावधी सकिएपछि मर्यादाक्रम अनुसार त्यस पछिको पालोमा पर्ने व्यक्तिले उक्त पद भार पाउनेछ।

(छ) उमेर बराबरी भई आलोपालो क्रम निर्धारण गर्न नसकिएमा महिला, दलित र जनजातीले क्रमशः प्राथमिकता पाउने छन्।

## परिच्छेद-७

## कार्य सञ्चालन

४२. उत्तरदायित्व श्रृंखलाः

संस्थाको कार्य सञ्चालनमा गठित उपसमितिहरु र नियुक्त कर्मचारीहरू निर्वाचित सञ्चालक समिति तर्फ र निर्वाचित प्रतिनिधिहरू साधारण सभा तर्फ उत्तरदायी रहने गरी उत्तरदायित्व श्रृंखला कायम गरिनेछ।

४३. अध्यक्षको काम, कर्तव्य र अधिकारः

सञ्चालक समितिको अयक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) समितिको बैठक तथा साधारण सभाको बैठकको अध्यक्षता गर्ने।

(ख) साधारण सभा द्वारा स्वीकृत वार्षिक कार्यक्रम तथा निर्णय र सञ्चालक समितिका निर्णयहरूको कार्यान्वयन गर्ने गराउने।

(ग) संस्थाको चल, अचल सम्पत्तिको रेखदेख, संरक्षण एवम् उचित प्रयोगको व्यवस्था मिलाउने

(घ) सञ्चालकहरूलाई आ-आफ्नो जिम्मेवारी वहन गर्न गराउन सहयोग र समन्वय गर्ने साथै आवश्यक निर्देशन दिने।

(ङ) सञ्चालकका कुनै सदस्यले दिएको राजीनामा उचित आधारमा स्वीकृत गर्न वा नगर्न राय साथ समितिमा निर्णयका लागि पेश गर्ने।

(च ) संस्थाको काम कारवाहीको सम्बन्धमा आवश्यकता अनुसार अन्य संघ, संस्था वा निकायमा संस्थाको तर्फबाट प्रतिनिधित्व गर्ने गराउने।

(छ) समितिको बैठक नबसेको अवस्थामा अपर्झट कुनै कार्य गर्न आवश्यक भएको र तत्कालमा उक्त कार्य नभए संस्थालाई हानि नोक्सानी हुने भएमा सो कार्य गरी वा गराई आगामी बैठकमा अनुमोदनको लागि पेश गर्ने।

(ज) साधारणसभा तथा समितिको वैठकमा कुनै विषयमा मतदान भई मत बराबर भएमा निर्णायक मत दिने।

(झ) संस्थाको कुनै काम कारवाहीको सम्बन्धमा आवश्यकतानुसार जाँचबुझ वा निरीक्षण गर्ने, गराउने।

(ञ) संस्थालाई नेतृत्व प्रदान गर्ने र यसका लागि सदैव सक्रिय रहने।

(ट) संस्थाको हित तथा उद्देश्य प्राप्तिका लागि आवश्यक पहल गर्ने।

(ठ) विनियमका व्यवस्थाहरूको पूर्ण पालना गर्न गराउन तदारुकता देखाउने।

(ड) सहकारीका सिद्धान्तहरू र सहकारी ऐन नियम तथा सहकारी विभागका निर्देशनहरूको पालना गर्ने गराउने।

(ढ) लमही नगरपालिका, सहकारी शाखाको निर्देशन तथा सुझावहरूको पालना गर्ने गराउने साथै यस विनियम बमोजिम दिनु पर्ने सूचना वा प्रतिवेदनहरू समयमा नै पेश गर्ने।

(ण) नगरपालिका, सहकारी शाखा वा सहकारीका सम्बन्धित संघबाट गरिने अनुगमन निरीक्षण कार्यमा सहयोग गर्ने एवम् प्राप्त निर्देशन र सुझावहरूको पालना गर्ने गराउने।

४४. व्यवस्थापकको नियुक्ति :

संस्थाको व्यवस्थापकको नियुक्ति प्रक्रिया देहाय बमोजिम हुनेछ :-

(१) स्वीकृत मानव संसाधन नीति बमोजिम कर्मचारी प्रशासन सञ्चालन गर्ने । यस्तो व्यवस्था नभएको अवस्थामा अन्तरिम रूपमा सञ्चालक समितिबाट निर्णय गराई आवश्यक प्रशासनिक निर्णय लिनु पर्नेछ ।

(२) साधारणसभाको स्वीकृत दरबन्दी र संस्थाको आर्थिक सक्षमताको आधारमा समितिको निर्णय अनुसार निश्चित प्रक्रिया पूरा गरी गराई व्यवस्थापक नियुक्त गर्न सकिनेछ ।

(३) उपदफा (२) बमोजिम व्यवस्थापक नियुक्ति हुन नसकेमा समितिले संस्थाको कुनै सञ्चालकलाई प्रबन्ध सञ्चालकको रूपमा कार्य गर्ने गरी तोक्न सक्नेछ । संस्थाको क्षमता र प्रचलनका आधारमा निजको पारिश्रमिक तोकिए बमोजिम हुनेछ ।

(४) व्यवस्थापकले मावन संसाधन नीति तथा संस्थाको क्षमताको आधारमा सञ्चालक समितिको निर्णय अनुसार निश्चित प्रक्रिया पूरा गरी गराई संस्थालाई आवश्यक पर्ने कर्मचारीहरू नियुक्त गर्नेछ ।

(५) संस्थाले कर्मचारी भर्ना गरी संस्थाको काम सञ्चालन गर्न सक्ने अवस्था नभएमा सञ्चालक समितिको निर्णय अनुसार सञ्चालकहरू बीच कामको बाँडफाँड गरी स्पष्ट जिम्मेवारी समेत तोकी संस्था सञ्चालन गरिनेछ । अन्य व्यवस्था प्रचलित कानूनमा तोकिए अनुसार हुनेछ ।

## ४५. व्यवस्थापकको काम, कर्तव्य र अधिकार:

व्यवस्थापकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) संस्थाको आर्थिक तथा प्रशासनिक कार्यको पूर्ण जिम्मेवारी बहन गरी सञ्चालक समितिलाई सहयोग गर्ने,

(ख) संस्थाको सदस्यता आवेदन फारामहरु सङ्कलन एवम् विवरण तयार गरी समितिमा स्वीकृतिका लागि प्रस्तुत गर्ने र आवश्यक सूचनाहरू उपलब्ध गराउने,

(ग) साधारणसभा र सञ्चालक समितिका सबै बैठकहरूमा भाग लिने र निर्णय लिने कामका लागि सदस्यहरूलाई आवश्यक सूचना उपलब्ध गराउने,

(घ) वार्षिक कार्यक्रम तथा बजेट तयार गरी समिति समक्ष पेश गर्ने,

(ङ) समिति र साधारणसभाका बैठकहरूको विषय सूची तयार गर्ने,

(च) संस्थाका सदस्यहरूलाई सहकारी सम्बन्धी चेतना अभिबृद्धि गर्न सहकारी विषयका विविध पक्षमा जनचेतना मूलक अभिमूखीकरण कार्यक्रम तथा तालिमको संयोजन गर्न शिक्षा उपसमितिलाई सहजीकरण गर्ने,

(छ) संस्थाका सबै कर्मचारीहरूको कार्यविवरण तयार गरी कार्यान्वयन गर्ने गराउने । संस्थाका सबै कामहरू सुचारु रूपमा सञ्चालन गर्न गराउन नेतृत्व गर्ने, कामको सुपरीवेक्षण गर्ने, कर्मचारी बीच समन्वय गर्ने, कार्य सम्पादनको मूल्याङ्कन गर्ने गराउने, कामको मूल्याङ्कनको आधारमा कर्मचारीहरूलाई पुरस्कृत वा सजाय गर्ने आदि, ।

(ज) साधारणसभा र सञ्चालक समितिको नीति, निर्देशन एवम् निर्णय र सम्बन्धित सहकारी नियमनकारी निकायको निर्देशन कार्यान्वयन गर्ने गराउने,

(झ) समिति प्रति उत्तरदायी हुने,

(ञ) जनसम्पर्कका अन्य कार्यहरू गर्ने, गराउने ।

(ट) संस्थाको व्यवस्थापन चुस्त राख्न वित्तीय विश्लेषण र अनुगमनको लागि PEARLS अनुगमन पद्धतिको अवलम्बन गर्ने । यसका लागि संस्थाका सञ्चालक, लेखा समितिका पदाधिकारी र कर्मचारीलाई आवश्यकता अनुसार तालिममा सहभागी गराउने व्यवस्थाका लागि पहल गर्ने ।

(ठ) पदाधिकारी एवम् कर्मचारीको ज्ञान, सीप र काममा रुचि बढाउन तालिम एवम् अध्ययन भ्रमणको कार्यक्रम साथै कर्मचारीहरूका लागि Incentive Package को योजना बनाई स्वीकृतिको लागि पेश गर्ने ।

(ङ) कार्य सम्पादन तथा उपलब्धिको आधारमा पदाधिकारी एवम् कर्मचारीहरूलाई पुरस्कृत गर्ने कार्यक्रम बनाई स्वीकृतिका लागि पेश गर्ने ।

(ढ) सञ्चालक समितिले समय समयमा दिने निर्देशन नियमन गर्ने, गराउने ।

४६. विशेष जिम्मेवारी:

समिति, अध्यक्ष र व्यवस्थापकले यस विनियममा अन्यत्र उल्लेखित काम, कर्तव्य र अधिकारका साथै सम्पत्ति शुद्धीकरण निवारण विशेष जिम्मेवारी समेत बहन गर्नुपर्नेछ ।

४७. कर्मचारीको नियुक्ति तथा सेवा शर्त

संस्थाको उद्देश्य अनुरुप शेयर सदस्यहरूलाई आवश्यक सेवा उपलब्ध गराउन, संस्थाको आर्थिक हित कायम राख्न संस्थाको कर्मचारीहरूलाई उचित सुविधा तोक्न, अनुशासन कायम राख्न तथा व्यवस्थापन र कर्मचारी विच असल सम्बन्ध बनाई दैनिक कार्य सञ्चालन गर्नको लागि संस्थाको सञ्चालक समितिले कर्मचारी सुविधा सम्बन्धी नियमावली बनाई संस्थाको वार्षिक साधारण सभाबाट पारित गरी लागु गर्न सक्नेछ ।

## परिच्छेद-८
## कोषको व्यवस्था

४८. संस्थाको कोष:

(१) संस्थाको कोषमा देहाय बमोजिमको रकम रहनेछः-

(क) सेयर बिक्रीबाट प्राप्त रकम,

(ख) बचतको रूपमा प्राप्त रकम,

(ग) ऋणको रूपमा प्राप्त रकम,

(घ) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारबाट प्राप्त अनुदान रकम,

(ङ) विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ-संस्थाबाट प्राप्त अनुदान वा सहायताको रकम,

(च) व्यावसायिक कार्यबाट आर्जित रकम,

(छ) सदस्यता प्रवेश शुल्क,

(ज) संस्थाको नाममा प्राप्त ददहुने अन्य जुनसुकै रकम ।

(२) संस्थाले विदेशी सरकार वा अन्तर्राष्ट्रिय गैरसरकारी संघ संस्थाबाट ऋण रकम प्राप्त गर्नु अघि नेपाल सरकारको पूर्व स्वीकृति लिनेछ ।

(३) उपदफा (१) वमोजिम संस्थालाई प्राप्त हुने सबै प्रकारको रकम समितिले निर्णय गरेको कुनै वैंक, वित्तिय संस्था वा आफु आबद्ध भएको केन्द्रीय संघमा संस्थाको नाममा आवश्यक खाता (चल्ती, बचत, मुद्दती) खोली जम्मा गरिनेछ ।

४९. कोषको सुरक्षा:

(१) समितिले व्यवस्थापकको जिम्मामा रहने भनी तोकेको कोषको रकम व्यवस्थापकको जिम्मामा रहनेछ ।

(२) उपदफा (१) मा उल्लेखित अवस्था बाहेक संस्थाको रकम समितिले कुनै बैंकमा संस्थाको नाममा खाता खोली जम्मा गर्नेछ ।

(३) कोषको सुरक्षाको लागि संस्थाले प्रचलित कानून बमोजिम स्थापित बीमा कम्पनीमा आवश्यकतानुसार सदस्यहरुको शेयर, बचत र ऋण लगानी जस्ता रकमको सुरक्षणका लागि बीमा गर्न सक्नेछ ।

५०. कोषको उपयोग:

(१) संस्थाको कोषको उपयोग ऐन, नियमावली तथा यस विनियमका व्यवस्थाहरूको अधिनमा रही संस्थाका उद्देश्यहरू हासिल गर्ने गरी कार्यहरूको सञ्चालनका लागि गरिनेछ ।

(२) संस्थाको कोषको रकम कुनै कम्पनीको शेयर खरिद गर्न वा निजी फर्म, विद्यालय, कलेज, नर्सिङ्ग होम वा नाफामा सहभागी हुने खालको उद्योग, व्यवसाय वा अन्य आयोजनामा लगाइने छैन ।

५१. खाता सञ्चालन:

दफा ४८ उपदफा (१) बमोजिमको कोषको खाताको सञ्चालन समितिको अध्यक्ष वा सञ्चालक वा व्यवस्थापक र कोषाध्यक्षको संयुक्त दस्तखतबाट हुनेछ । कोषको सम्पूर्ण जिम्मा खाता सञ्चालकहरूमा रहनेछ । कोषबाट रकम झिक्दा संस्थाको स्वीकृत विनियम बमोजिम स्पष्ट निर्णय भएको कामका लागि हुनुपर्दछ । रकम चलनमा ल्याउने आधारहरू कानून सम्मत हुनुपर्नेछ । संस्थाको सम्पत्ति व्यक्तिगत प्रयोजनमा झिक्न वा प्रयोग गरिएको पाइएमा बचत अपचलन भएको मानी प्रचलित कानून बमोजिम कसूर गरेको ठहर गरी सजाय समेत हुनेछ ।

५२. खुद बचतको बाँडफाँड:

(१) संस्थाको कुनै वर्षको खुद बचतकादे (उबार) रकम बाट कम्तीमा २५ प्रतिशत जगेडा कोषमा जम्मा गरिनेछ ।

(२) उपदफा (१) बमोजिम जगेडा कोषमा सारेर बाँकी रहेको रकमलाई सत प्रतिशत मानी सो रकमको कम्तीमा २५ प्रतिशत संरक्षित पूँजी फिर्ता कोषमा जम्मा गरिनेछ ।

(३) उपदफा (१) बमोजिम जगेडा कोषमा सारेर बाँकी रहेको रकमलाई सत प्रतिशत मानी सो रकमको ०.५ (शुन्य दशमलव पाँच) प्रतिशत सहकारी प्रबर्द्धन कोषमा जम्मा गरिनेछ ।

(४) उपदफा (३) बमोजिम सहकारी प्रवर्द्धन कोषमा सारेर बाँकी रहेको रकमलाई १०० प्रतिशत मानी देहायका अन्य कोषमा जम्मा गरिनेछ ।

| | | | |
|---|---|---|---|
| (क) | शेयर लाभांश कोष | ५५ | प्रतिशत |
| (ख) | कर्मचारी वोनस कोष | १० | ,, |
| (ग) | सहकारी शिक्षा कोष | १० | ,, |
| (घ) | सहकारी विकास कोष | ५ | ,, |
| (ङ) | घाटापूर्ति कोष | ५ | ,, |
| (च) | स्थिरीकरण कोष | ५ | ,, |
| (छ) | सामुदायिक विकास कोष | ५ | ,, |
| (ज) | अन्य जोखिम व्यवस्थापन कोष | ५ | ,, |

५३. जगेडा कोष:

संस्थाको जगेडा कोषमा देहाय बमोजिमको रकम रहनेछ :-

(क) प्रत्येक आर्थिक वर्षमा संस्थाले गरेको कारोवारको हिसाब जाँच भएपछि खुद लाभांशबाट छुट्याइएको कम्तीमा २५ प्रतिशत रकम,

(ख) स्थीर सम्पत्ति बिक्रीबाट प्राप्त रकम,

(ग) अन्य कुनै प्रकारले यस कोषमा जाने रकम ।

५४. संरक्षित पुँजी फिर्ता:

दफा ५२ को उपदफा (२) मा उल्लिखित कोषबाट सहकारी ऐन र नियमावली बमोजिम कारोवारको आधारमा संरक्षित पुँजी फिर्ता गरिनेछ ।

५५. लाभांस वितरण गरिने:

कुनै वर्षको शेयर लाभांस दफा ५२ को उपदफा (२) को खण्ड (क) मा उक्त वर्षको खुद बचतबाट सारिएको रकमभन्दा बढी हुने गरी वा सदस्यले खरिद गरेको शेयरको रकमको १५ प्रतिशत भन्दा बढी हुने गरी वितरण गरिने छैन ।

५६. जगेडा कोषमा सार्नु पर्नेः

(१) दफा ५३ (क) बमोजिम प्रत्येक आर्थिक वर्षमा संस्थाले गरेको कारोवारको हिसाब जाँच भएपछि खुद लाभांशबाट छुट्याइएको कम्तिमा २५ प्रतिशत रकम जगेडा कोषमा सार्नु पर्नेछ ।

(२) कुनै वर्ष शेयर लाभांस कोष, कर्मचारी बोनस कोष र संरक्षित पूँजी फिर्ता कोषबाट रकम वितरण तथा खर्च गरी उक्त कोषहरूमा रकम बाँकी रहेमा उक्त कोष खाता शून्य गरी जगेडा कोषमा सार्नु पर्नेछ ।

## परिच्छेद-९
## बचत परिचालन

५७. बचत सङ्कलन गर्न सक्ने/नसक्ने :

(१) संस्थाले ऐन, नियमावली, यस विनियमका व्यवस्था र साधारणसभाबाट स्वीकृत बचत परिचालन निर्देशिकाका शर्त-बन्देज अन्तर्गत सदस्यहरूबाट बचत सङ्कलन गर्न सक्नेछ ।

(२) सदस्यले संस्थाको बचत तथा ऋण नीतिको अधीनमा रही तीन महिनाभन्दा बढी समय लागि मुद्दती खातामा आवधिक बचतको रूपमा रकम जम्मा गर्न सक्नेछ  र सो रकम संस्थाले तोकेको ब्याज आवधिक रूपमा प्राप्त गर्नेछ ।

(३) सदस्यले उपदफा ( १) बमोजिम जम्मा गरेको रकम जुनसुकै बेला पनि झिक्न सक्नेछ र साधारण बचतमा दिइने ब्याज सम्बन्धी व्यवस्था बचत तथा ऋण नीतिको अधीनमा रही समितिले समय समयमा तोके बमोजिम हुन्छ ।

(४) संस्थाको जम्मा बचत दायित्व जुनसुकै बखत प्राथमिक पूँजी कोषको १० गुणा भन्दा बढी हुने छैन ।

५९. ऋण दिन सक्नेः

(१) संस्थाले तरलताका लागि १५ प्रतिशत वा दर्ता गर्ने अधिकारीले तोकिदिएको अन्य कुनै सीमासम्मको रकम छुट्याएर सदस्यहरूलाई देहाय बमोजिम ऋणको रूपमा दिन सक्नेछ ।

(क) सदस्यको व्यक्तिगत बचतको दुई गुनासम्म आफ्नै बचतको सुरक्षणमा र

(ख) सदस्यको व्यक्तिगत बचतको छ.....वा  गुणासम्म सदस्यका साथै सामूहिक जमानी बस्ने सदस्यहरूको बचतको सुरक्षणमा ।

तर यस उपदफा (१) बमोजिम एक जना सदस्यलाई प्रदान गरिने ऋणको रकम प्राथमिक पुँजी कोषको १० प्रतिशत भन्दा बढी हुने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सदस्यले समुहको जमानीविना वा रु. २ ........... लाख वा ...........भन्दा बढी रकम ऋण लिन चाहेमा चल अचल सम्पत्ति धितो राखेर दिन सकिनेछ ।

(३) उपदफा (२) बमोजिम प्रदान गरिने ऋण कृषि, शैक्षिक, आवास, स्वास्थ्योपचार, रोजगारीमूलक वा उत्पादनमूलक प्रयोजनका लागि मात्र हुनेछ ।

तर यस उपदफामा लेखिएको कुनै कुराले अभाव, घट्ना वा अन्य अड्कोपड्को पर्दा उपदफा (१) बमोजिम उपभोग, कर्मकाण्ड वा अन्य औचित्यपूर्ण प्रयोजनमा ऋण दिन बाधा पर्ने छैन ।

(४) उपदफा (१) र (२) मा जुनसकै कुरा लेखिएको भए तापनि सदस्यता लिएर नियमित रुपमा बचत जम्मा गर्न थालेको तीन महिना व्यतीत नुहँदै संस्थाबाट कसैलाई पनि ऋण प्रदान गरिने छैन ।

(५) ऋण प्रवाहमा प्राथमिकता लगायतका अन्य व्यवस्था ऋण नीतिमा उल्लेख भए बमोजिम हुनेछ ।

६०. ऋण प्रवाहमा सीमा:

(१) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाबाट कुनै एक सदस्यलाई दफा ५९ को उपदफा (१) बमोजिम तरलता व्यवस्था पछिको लगानी योग्य रकमको आधा भन्दा बढी ऋण दिन सकिने छैन ।

(२) उपदफा (१) को अधीनमा रही कुनै सञ्चालक वा लेखा सुपरीवेक्षण समितिको पदाधिकारीलाई दिन सकिने ऋणको सीमा साधारणसभाले बेला-बेलामा तोकि दिए बमोजिम हुनेछ ।

६१. ऋण बाहेकको प्रयोजनमा बचतको रकम लगाउन नहुने:

संस्थाले सङ्कलन गरेको बचतको रकम दफा ५७ बमोजिम स्वीकृत बचत परिचालन निर्देशिकाको शर्त बन्देज अन्तर्गत सदस्यहरूलाई ऋण दिने बाहेकको कुनै प्रयोजनमा लगाइने छैन ।

तर यसमा लेखिएको कुनै कुराले बचतको रकम तरलता वापत नगदै राख्न वा नेपाल राष्ट्र बैंकले जारी गरेको ट्रेजरी बिल वा विकास ऋणपत्र खरिदमा उपयोग गर्न बाधा पर्ने छैन ।

६२. साधारणसभाको स्वीकृति लिनुपर्ने: समितिले देहायका विषयमा दर्ता गर्ने अधिकारीले तोकिदिएको मापदण्डको प्रतिकुल नहुने गरी साधारणसभाको स्वीकृति लिनुपर्नेछ ।

(क) लगानीमा रहेको ऋण मिनाहा दिनुपर्दा, अपलेखन गर्नुपर्दा वा ऋणका शर्त बन्देजहरू फेर्नुपर्दा

(ख) संस्थाको स्व-प्रयोजनका लागि जग्गा, घर लगायतका अचल सम्पत्ति खरिद गर्नु पर्दा ।

(ग) व्यवस्थापकको तलब वा सुविधा बढाउनु पर्दा ।

## परिच्छेद-१०
## कारोबारमा सीमाङ्कन

६३. सदस्य केन्द्रीयता:

(१) संस्थाले देहाय बमोजिम गरी व्यावसायिक सेवामा सदस्य केन्द्रीयता कायम गर्नेछ ।

(क) स्व-रोजगारी योजना अन्तर्गत कच्चा पदार्थ वा उत्पादित वस्तु बजारमा जहाँसुकै खरिद विक्री गरे तापनि स्व-रोजगारीको अवसर सदस्यहरूलाई मात्र दिलाएर र

(ख) बचत परिचालन सेवामा बचत संकलन र ऋण लगानी दुवै पूर्णतया सदस्यहरूमै सीमित गरेर ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि गैर व्यावसायिक सेवाहरूमा सदस्य र गैर सदस्य बीच पहुँचमा कुनै किसिमले विभेद गरिने छैन ।

(३) सहकारी परम्परा अनुरुप विशेष अवस्थाका गैर सदस्यहरूलाई व्यावसायिक सेवाहरु प्रदान गर्नु पर्दा सदस्य र गैर सदस्य बीच प्रत्यक्ष वा अप्रत्यक्ष कुनै किसिमले मूल्यमा फरक गरिने छैन ।

६४. स्वार्थ बाझिने निर्णयमा सहभागितामा प्रतिवन्ध:

(१) सञ्चालकले आफ्नो निजि स्वार्थ समावेश भएको निर्णय प्रक्रियामा संलग्न हुनुहुँदैन ।
(२) सञ्चालकले आफूलाई मात्र व्यक्तिगत फाइदा हुने गरी संस्थामा कुनै कार्य गर्न गराउन हुँदैन ।
(३) कुनै सञ्चालकले उपदफा (१) को विपरीत हुने गरी वा आफ्नो अधिकार क्षेत्रभन्दा बाहिर गई कुनै काम कारबाही गरे गराएमा त्यस्तो काम कारबाहीप्रति त्यस्तो सञ्चालक व्यक्तिगत रूपमा उत्तरदायी हुनेछ र त्यस्तो काम कारबाहीबाट संस्थाको, सदस्य वा अन्य कुनै व्यक्तिलाई हानी नोक्सानी हुन गएको रहेछ भने त्यस्तो हानी नोक्सानी निजको जायजेथाबाट असुल उपर गरिनेछ ।

६५. कर्मचारीसँगको कारोवारमा निर्बन्धनः
संस्थाका कर्मचारी र संस्थाबीचको कारोवार दर्ता गर्ने अधिकारीबाट जारी भएको निर्देशन बमोजिम निर्बन्धित हुनेछ ।

६६. जोखिम मूल्याङ्कनः
संस्थाले सदस्यता प्रदान गर्दा वा कारोबार गर्दा नियामक निकायबाट जारी भएको सम्पत्ति शुद्धीकरण निवारण निर्देशन बमोजिम जोखिम मूल्याङ्कन गरिनेछ ।

६७. कारोबार नगरिने :
सम्पत्ति शुद्धीकरण निवारण कानून अन्तर्गत नियामक निकायबाट जारी भएको निर्देशनका व्यवस्था विपरित संस्थाबाट कसैसँग कुनै कारोवार गरिने छैन ।

## परिच्छेद-११
## अभिलेख

६८. कारोबारको लेखाः
संस्थाको आर्थिक कारोबारको लेखा दर्ता गर्ने अधिकारीले तोकेको लेखामान एवम् खाता संरचना बमोजिम राखिनेछ ।

६९. खाताबही
संस्थाले देहाय बमोजिमको वही खाता तथा दर्ता किताब राख्नेछः-
(क) विनियमको दफा १७ (अनुसूची-१) बमोजिमको सदस्य दर्ता किताब,
(ख) प्रारम्भिक साधारणसभा, वार्षिक साधारणसभा, विशेष साधारणसभा, समिति, लेखा समिति र उपसमितिहरूको छुट्टाछुट्टै निर्णय पुस्तिकाहरू ,
(ग) नगद बही खाता ,
(घ) संस्थाले अरु कुनै व्यक्ति वा संघ संस्थासँग कुनै कारोवार गरेका भए सो कारोवार देखाउने किताब,
(ङ) शेयर दर्ता किताब,
(च) ऋण लेनदेन गरेको दर्ता किताब,
(छ) बेरुजू एवम् सम्परीक्षण किताब,
(ज) व्यक्तिगत खाता,
(झ) सदस्यहरूको व्यक्तिगत बचत खाता,
(ञ) जिन्सी दर्ता किताब,
(ट) आम्दानी, खर्च, सम्पत्ति र दायित्व देखिने खाताहरु,
(ठ) समय-समयमा समितिले तोकिदिएको अन्य अभिलेख एवम् खाताहरु ।

७०. आन्तरिक हिसाब जाँचः

संस्थाको आन्तरिक हिसाब अधिकार प्राप्त कर्मचारीले जाँच गर्नेछ । कुनै कारणवस कर्मचारी नभएमा लेखा सुपरीवेक्षण समितिका सदस्यहरू र संस्थाको कोषाध्यक्षको संयुक्त पहलमा आन्तरिक हिसाब जाँच गरिनेछ ।

७१. वार्षिक हिसाब जाँचः

(१) संस्थाले प्रत्येक वर्षको हिसाब-किताबको लेखापरीक्षण आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्र साधारण सभाले नियुक्त गरेका रजिष्टर्ड लेखापरीक्षकबाट गराई सक्नेछ ।

(२) लेखापरीक्षकले आफ्नो प्रतिवेदन वार्षिक साधारणसभा समक्ष स्वंय प्रस्तुत गर्नेछ ।

(३) लेखापरीक्षकको पारिश्रमिक साधारणसभाले तोके बमोजिम हुनेछ ।

(४) एउटै लेखापरीक्षकलााई लगातार तीन पटक भन्दा बढी नियुक्ति गरिने छैन ।

(५) साधारणसभाले लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक तोक्नु पर्नेछ । ले.प. नियुक्ति सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

(६) लेखा परीक्षकको प्रतिवेदनमा अन्य कुराको अतिरिक्त देहायका विवरण समेत समाविष्ट भएको हुनेछ :

(क) संस्थाका पदाधिकारी वा कर्मचारीले सहकारीको मूल्य मान्यता र सिद्धान्त एवं प्रचलित सहकारी सम्बन्धी कानूनको पालना गरेका छन छैनन् ।

(ख) संस्थाका पदाधिकारी वा कर्मचारीले संस्थाको विनियम र साधारणसभाबाट स्वीकृत नीति तथा निर्देशिकाहरूको पालना गरेका छन् छैनन् ।

(ग) लेखा परीक्षक नियुक्तिमा सहमति स्वीकृति दिँदा सम्बन्धित सहकारी विभागले दिएको निर्देशन बमोजिमका विषयहरूमा संक्षिप्त टिप्पणी ।

(घ) विशेष गरी प्रतिवेदनमा बचत कर्ताको बचतको सुरक्षणको अवस्था के छ, लगानीहरू पर्याप्त सुरक्षणको आधारमा गरिएको छ छैन, व्यवस्थापकहरूबाट फजुल खर्च रोक्ने तर्फ के कस्ता प्रयासहरू भएका छन वा छैनन् ।

(ङ) संस्थाका पदाधिकारी एवम् कर्मचारीहरूले लिएको ऋण र पेश्कीका बारेमा लिएको अंक, रकम दिँदा अवलम्बन गरिएको प्रक्रिया, ऋणको भाखा नाघे ननाघेको र साँवा ब्याज समयमै तिरे नतिरेको विवरण, पेश्की लिनुको प्रयोजन, आर्थिक अनुशासन आदि ।

७२. विद्युतीय लेखा प्रणालीको प्रयोगः

संस्थामा विद्युतीय र अत्याधुनिक लेखा प्रणालीको प्रयोग गर्न सक्नेछ । यसो गर्दा सम्पत्ति शुद्धीकरण जोखिम मूल्याङ्कन गरी दर्ता गर्ने अधिकारीको पूर्व स्वीकृति लिइनेछ ।

७३. अन्य आधारभूत कागजातः

सहकारी संस्थाले नयाँ सदस्य थप गर्दा, कर्मचारी नियुक्ति गर्दा, ऋण प्रवाह गर्दा तथा व्यवसायमा लगानी गर्दा आधारभूत कागजातहरू अद्यावधिक गर्नुपर्नेछ ।

## परिच्छेद-१२
## प्रतिवेदन

७४. एकीकृत सूचना प्रणालीमा आबद्धता

समितिले संस्थाको सम्पूर्ण वित्तीय तथा व्यवस्थापकीय सूचना नियमक निकायबाट स्थापित सहकारी सूचना प्रणालीमा एकीकृत गरी निरन्तर तत्क्षण (रियल टाइम) अद्यावधीकरण गर्ने व्यवस्था समेत मिलाउनु पर्दछ ।

तर यसमा लेखिएको कुनै कुराले संस्थाले प्रचलित कानून बमोजिम गोप्य राख्नुपर्ने सूचना अलग्गै संरक्षण गर्न बाधा पुऱ्याएको मानिने छैन ।

७५. दर्ता गर्ने अधिकारी समक्ष प्रतिवेदनः

१) साधारणसभा सम्पन्न भएको १५ दिनभित्र लेखापरीक्षण प्रतिवेदन, अध्यक्षले प्रमाणित गरेको सभाका निर्णयका प्रतिलिपिहरू, सदस्यहरूको उपस्थितिको विवरण र निर्वाचन सम्पन्न भएको भए निर्वाचित सञ्चालकहरूको हालसालै खिचिएको फोटोसहितको तीन पुस्ते विवरण ।

२) प्रत्येक ६-६ महिनामा स्वीकृत संस्थाका पदाधिकारी र कर्मचारीहरूलाई दिइएको ऋण र पेश्की रकमको विवरण ।

३) संस्थाको स्वीकृत बचत तथा ऋण नीति, मानव संसाधन नीति एवम् आर्थिक प्रशासन उप-विनियमको १-१ प्रति ।

४) ७ दिन भित्र ब्याजदरमा गरिएको परिवर्तन र परिवर्तन गर्नु पर्नाको कारण ।

५) तोकिए बमोजिमको समयभित्र संस्थाको अनुगमन गर्दा दिइएको सुझाव वा निर्देशनको कार्यान्वयनको प्रगति विवरण ।

६) प्रारम्भिक साधारण सभा भएको ६ महिनाभित्र संघको सदस्यता लिएको वा नलिएको भए सो को कारण सहितको विवरण ।

७) आर्थिक वर्ष समाप्त भएको मितिले १ महिना भित्र अघिल्लो आर्थिक वर्षमा थप घट भएको सदस्यताको विवरण पठाइनेछ । यस्तो विवरणमा कुल सदस्यहरू मध्ये महिला पुरुषको संख्या साथै नयाँ सदस्यता बनाइएका सदस्यहरूको बसोबास गरेको क्षेत्र उल्लेख गरिनेछ ।

८) लमही नगरपालिका, सहकारी शाखा वा सम्बन्धित सरकारी कार्यालयले माग गरेको अन्य विवरण ।

९) प्रचलित कानूनमा बमोजिम कार्यहरू ।

७६. वित्तीय जानकारी एकाइमा प्रतिवेदनः

सम्पत्ति शुद्धीकरण निवारण कानून बमोजिम वित्तीय जानकारी एकाइमा प्रतिवेदन गर्नुपर्ने कारोवारको प्रतिवेदन नियमित रूपमा, निर्धारित समयभित्रै पठाइनेछ ।

७७. साधारणसभा जानकारी गराउनुपर्नेः

अध्यक्ष वा प्रतिनिधिले देहायका विषयको संक्षिप्त बेहोरा सहितको जानकारी लगत्तै बस्ने साधारणसभामा गराउनु पर्नेछ ।

(क) संस्थाले सदस्यता लिएको सहकारी संघ वा बैंकबाट भएका निर्णयहरु,

(ख) कुनै निकायबाट संस्थालाई प्राप्त वित्तीय वा गैर वित्तीय सहयोगको रकम वा प्रतिबद्धता ।

(ग) दर्ता गर्ने अधिकारी वा प्रचलित कानून बमोजिम नियामक निकायका तर्फबाट प्राप्त सुझाब, टिप्पणी वा निर्देशन वा जारी मापदण्ड, निर्देशिका वा नीतिहरु ।

७८. सूचनाको हक तथा अग्रतापूर्ण खुलासा:
संस्थाका कुनै सदस्यले आर्थिक अवस्था र कुनै अमुक कारोबारका बारेमा जानकारी माग गरेमा उपलब्ध गराउनु पर्नेछ । तर शेयर सदस्यहरूको व्यक्तिगत खाता कानून बमोजिम बाहेक गोप्य राखिनेछ ।

७९. सूचनाको संरक्षण:
संस्थाको नियामक निकायवाहेक संस्थाको कुनै सूचना अन्य व्यक्ति, संस्था वा निकायहरूलाई उपलब्ध गराइने छैन ।

## परिच्छेद-१३
## विविध

८०. हकवालको मनोनयन
(१) सदस्यले हकवाला मनोनित गर्दा कम्तीमा दुई जना संस्थाको सदस्यहरूको रोहबरमा लिखत तयार गरी गर्नुपर्नेछ र त्यस्तो लिखतमा मनोनित गर्ने सदस्य र साक्षीहरू समेतको सहिछाप गरेको हुनुपर्नेछ ।
(२) उपदफा (१) बमोजिम हकवाला मनोनित गर्ने सदस्यले एकभन्दा बढी शेयर नलिएको अवस्थामा एउटा व्यक्तिलाई मात्र हकवाला मनोनित गर्नु पर्नेछ ।
(३) कुनै सदस्यले उपदफा (२) को अधीनमा रही एकजना भन्दा बढी व्यक्तिहरूलाई मनोनित गरेकोमा त्यस्ता प्रत्येक व्यक्तिलाई हस्तान्तरण हुने शेयर र हकको दामासाही स्पष्ट रूपले लिखतमा खुलाउनु पर्नेछ । अन्यथा प्रचलित कानून अनुसार हुनेछ ।

८१. हक दाबी वा नामसारी
(१) कुनै सदस्यको मृत्यु भएमा निजको नाममा रहेको शेयर र संस्थाबाट निजलाई प्राप्त हुने कुनै प्रकारको हक विनियमको दफा ८० बमोजिम मनोनित गरेको कुनै हकवाला भए सो हकवाला र त्यस्तो हकवाला नभए प्रचलित कानून बमोजिमको हकवालाको नाममा नामसारी गर्न सकिनेछ । तर, त्यस्तो हकवाला संस्थाको सदस्यता प्राप्त गर्नका लागि विनियममा तोकिएको योग्यता नभएमा सदस्यको मृत्यु भएको मितिले ६ महिनाभित्र सदस्यताको लागि योग्य अरु कुनै हकवालाको नाममा नामसारी गरी पाऊँ भनी दरखास्त दिन सक्नेछ र संस्थाले सो हकवालाको नाममा नामसारी गरी दिन सक्नेछ ।
(२) उपदफा (१) बमोजिम मृत सदस्यको हक हकवालाले नामसारी गराई लिन नचाहेमा संस्थाले निजले पाउने शेयर र बचत रकम त्यस्तो हकवालालाई फिर्ता गरिदिनेछ ।
(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि मृत सदस्यको हकवाला नाबालक रहेमा वा निजको मानसिक सन्तुलन ठीक नरहेमा मृत सदस्यले पाउने सम्पूर्ण रकम कम्तीमा दुई जना साक्षीको रोहवरमा त्यस्तो हकवालाको संरक्षकलाई फिर्ता गरिनेछ ।

८२. निर्वाचन
(१) सञ्चालकहरूको पदावधि निर्वाचन सम्पन्न भएको मितिले ४ वर्षको हुनेछ । सञ्चालकहरू सञ्चालक समितिमा पुनः निर्वाचित हुन सक्नेछन् ।
(२) कुनै सञ्चालकको पद कुनै कारणबाट रिक्त भएमा बाँकी अवधिका लागि सो रिक्त पदको पूर्ति साधारणसभाबाट निर्वाचनद्वारा मात्र गर्न सकिनेछ । तर साधारणसभाको निर्णयबाट सम्पूर्ण समिति भङ्ग वा विघटन गरिएमा नयाँ निर्वाचित समितिका पदाधिकारीको पदावधि पुरा अवधिको लागि हुनेछ ।
(३) नयाँ समितिको निर्वाचन नभए सम्म साविककै समितिले विनियममा व्यवस्था भए बमोजिम संस्थाको कार्य सञ्चालन गर्नेछ ।

८३. सपथ ग्रहण

निर्वाचन समितिले निर्वाचित पदाधिकारीलाई अनुसूचि ३ बमोजिम शपथ ग्रहण गराउनेछ।

८४. एकीकरण वा विभाजनः

(१) संस्थाको साधारणसभाको दुईतिहाई सदस्यको बहुमतले संस्था एकीकरण वा विभाजन गर्ने निर्णय गरेमा संस्थाको एकीकरण वा विभाजन गर्न सकिनेछ। संस्थाको एकीकरण र विभाजन गर्दा संघीय सहकारी ऐनको दफा ८७ बमोजिमको प्रक्रियाको पालना गरिनेछ।

(२) संस्थाको साधारणसभाको कुल सदस्य संख्याको दुईतिहाई सदस्यको वहुमतले संस्था विघटन गर्ने निर्णय गरेमा संस्थाको विघटन हुनेछ। संस्थाको विघटन गर्दा सहकारी ऐन बमोजिमको प्रकृया अपनाइनेछ।

८५. कार्यान्वयन अधिकारीः

(१) समितिले सम्पत्ति शुद्धीकरण निवारण कानून बमोजिम अधिकृत स्तरको कर्मचारीलाई कार्यान्वयन अधिकारी तोक्नेछ।

(२) उपदफा (१) बमोजिम कार्यान्वयन अधिकारी नतोकिएसम्म व्यवस्थापकले नै कार्यान्वयन अधिकारीको रूपमा कार्य गर्नेछ।

८६. मध्यस्थता

संस्थाको कुनै प्रकारको विवाद समाधान गर्ने कार्यमा सम्बन्धित जिल्लाको जिल्ला सहकारी संघ वा विषयगत जिल्ला सहकारी संघ वा  संस्था आबद्ध रहेको अन्य सहकारी संघसँग आवश्यकतानुसार मध्यस्थता गरी समस्या समाधानका लागि समितिले अनुरोध गर्न सक्नेछ। संस्थामा विद्यमान विवाद वा अन्य समस्याहरू सुल्झाउन सहकारी विभागले आफैले वा सहकारीका कुनै संघका पदाधिकारी मार्फत पहल गरेमा संस्थाका सबै सदस्य र पदाधिकारीहरूले सहयोग पुऱ्याउनेछन्।

८७. समानता र समताः

(१) संस्थाको कार्य सञ्चालनका समस्त प्रक्रियाहरूमा सदस्यहरू माझ आर्थिक योगदान वा अन्य कुनै आधारमा भेदभाव नगरी समान हैसियतमा सहभागी हुने अवसर प्रदान गरिनेछ।

(२) लैङ्गिक विभेदका कारण आम रूपमा न्यून भइरहेको नेतृत्व पङ्तिमा महिलाको उपस्थिति बढाउनका साथै सञ्चालकीय भूमिकामा अपाङ्गता भएका वा लक्षित समुदायका सदस्यहरूलाई प्रोत्साहन दिन जो-चाहिने समतामूलक व्यवस्थाहरू गरिनेछन्।

८८. विनियम संशोधनः

संस्थाको कूल सदस्य संख्या मध्ये कम्तीमा ५१ प्रतिशत सदस्यहरू उपस्थित भएको साधारण सभामा दुई तिहाई सदस्यहरूको निर्णयबाट प्रचलित सहकारी ऐन नियम, लमही नगरपालीका, सहकारी शाखाको निर्देशन र मापदण्ड तथा सहकारीका सिद्धान्तको अधीनमा रही संस्थाले आफ्नो विनियम संशोधन गर्न सक्नेछ। यसरी संशोधन भएको विनियम लमही नगरपालीका, सहकारी शाखामा पेश गरी दर्ता गर्ने अधिकारीबाट स्वीकृति लिएपछि लागू हुनेछ।

८९. साधारण सभाले कार्यविधि बनाउन सक्नेः

(१) सहकारी संस्थाले यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम, नीति, निर्देशिका, मापदण्ड, कार्यबिधि र विनियमको अधीनमा रही आवश्यकता अनुसार आफ्नो आन्तरिक नीति, निर्देशिका, मापदण्ड कार्यबिधि बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको आन्तरिक कार्यबिधि सम्बन्धित सहकारी संस्थाको साधारणसभाले स्वीकृत गरेपछि लागु हुनेछ।

(३) यस दफा बमोजिम स्वीकृत कायबिधि १ प्रति जानकारीको लागि लमही नगर पालीका, सहकारी शाखामा पठाउनु पर्नेछ ।

९०. व्याख्या गर्ने अधिकार

यस विनियमको व्याख्या गर्ने अधिकार साधारणसभालाई हुनेछ । साधारणसभाबाट पनि सुल्झिन नसकेमा सहकारी ऐन, नियम एवम् प्रचलित कानून बमोजिम हुनेछ ।

९१. ऐन, नियमावलीसँग बाझिएकोमा अमान्य हुने ।

(१) यस विनियममा उल्लेखित कुनै व्यवस्थाहरू प्रचलित सहकारी ऐन, नियम र सहकारीका सिद्धान्तहरुसँग बाझिने भएमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ ।

(२) यस विनियममा उल्लेख नभएका विषयहरूको बारेमा सहकारी ऐन, नियम, लमही नगरपालिका, सहकारी शाखाद्वारा जारी परिपत्र, मापदण्ड र सहकारीका सिद्धान्तहरू बमोजिम संस्थाको काम कारवाही सञ्चालन गरिनेछ ।

९२. अन्यः

(१) संस्थाको सबै कामकाज गर्नको लागि अनुसूचि ४ बमोजिमको आफ्नै छुट्टै चिन्ह अङ्कित छाप रहने छ । यो छाप सञ्चालक समितिबाट अधिकार प्राप्त व्यक्तिको जिम्मामा रहनेछ ।

(२) संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न र सो उपर नालिस उजुर लाग्न सक्ने छ ।

# सञ्चालकको विवरण

| सि.नं. | नाम | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| | | अध्यक्ष | | |
| | | उपाध्यक्ष | | |
| | | सचिव | | |
| | | कोषाध्यक्ष | | |
| | | सदस्य | | |
| | | सदस्य | | |
| | | सदस्य | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

अनुसुचि-१

# (विनियमको दफा ९ सँग सम्बन्धित)

## सदस्य दर्ता किताब

| सि.नं. | बाबु/ससुराको नाम | पति/पत्नीको नाम | सदस्यको नाम | उमेर | ठेगाना | पेशा | खरीद गरेको शेयर संख्या | सदस्य भएको मिति | मनोनित हकवालाको नाम | उमेर | ठेगाना | दस्तखत वा सही | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

सस्थाको लोगो

अनुसूचि-२

(विनियमको दफा-१७ सँग सम्बन्धित)

**............. बचत तथा ऋण सहकारी संस्था लि.**

लमही नगरपालीका वडा नं. ५, लमही , दाङ्ग

(लमही न.पा दाङको सहकारी ऐन, २०७५ अनुसार संचालित, शेयरमा सीमित दायित्व भएको)

साविक डिभिजन सहकारी कार्यालयको संस्था दर्ता न........................

सदस्यको फोटो

सदस्यता (परिचयपत्र) नं.

शेयर कित्ता संख्या :

शेयर जारी मिति :-

प्रमाण पत्र नं. :-

## शेयर प्रमाण–पत्र

..................जिल्ला...............................न.पा/गा.पा वडा नं. .............. मा बस्ने श्री ........................ को छोरा/छोरी/पत्नि श्री .............................. ले यस संस्थाको प्रति शेयर रु. १००।- को दरको जम्मा शेयर थान ............ को हुन आउने रु. ............................. (अक्षरेपी रुपैंया .............................) भुक्तानी गरी शेयर खरिद गर्नु भएकोले संस्थाको छाप लागेको यो प्रमाण पत्र प्रदान गरिएको छ।

...............................
(प्रमाण पत्र पाउनेको सही)

...............................
(सञ्चालक/व्यवस्थापक)

................
(अध्यक्ष)

## शेयर प्रमाण–पत्रको पछिल्लो पाना

| शेयर थप गरेको मिति | शेयर सदस्यको नाम थर | पहिलेको सेयर थान | थप गरिएको सेयर थान | जम्मा सेयर थान | जम्मा सेयर रकम रु | प्रमाणित गर्नेको सही र मिति |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**अनुसूचि-३**

**(विनियमको दफा ८३ सँग सम्बन्धित)**

**................. बचत तथा ऋण सहकारी संस्था लि.**

**लमही नगरपालीका वडा नं......, ...... , दाङ्ग**

## शपथ-ग्रहण

**म ........................................... (शपथ कर्ताको नाम, पद) साधारण सभा समक्ष यो प्रतिज्ञा गर्दछु । मेरो सामर्थ्यले भ्याएसम्म समितिको सदस्यताका नाताले सबै काम तथा बैठकहरुमा नियमित रुपमा भाग लिनेछु तथा संस्थाको विकास र सदस्यको हितको लागि इमान्दारी तथा पवित्र हृदयले पक्षपातरहित तरिकाबाट निर्णय लिनेछु ।**

| | |
|---|---|
| शपथ ग्रहण गर्ने पदाधिकारीको | शपथ ग्रहण गराउने पदाधिकारीको |
| नाम : | नाम : |
| दस्तखत: | दस्तखत: |
| मिति : | मिति : |
| पद : | पद : |

## ............ बचत तथा ऋण सहकारी संस्था लि.

लमही नगरपालीका वडा नं. ५, लमही , दाङ्ग

## संचालकहरुको विस्तृत विवरण

| सि.नं | बाजे/ससुराको नाम | बुवा/पति/को नाम | सञ्चालकको नाम | उमेर | पद | पेशा | शैक्षिक योग्यता | सम्पर्क ठेगाना/फोन नं/स्थायी ठेगाना | फोटो र सोमा पर्ने गरी दस्तखत/ल्याप्चेछाप |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | अध्यक्ष | | | | |
| | | | | | उपाध्यक्ष | | | | |
| | | | | | सचिव | | | | |
| | | | | | कोषाध्यक्ष | | | | |
| | | | | | सदस्य | | | | |
| | | | | | सदस्य | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | सदस्य | | | | |

अनुसूचि-४

(विनियमको दफा ९२ सँग सम्बन्धित)

# .......... बचत तथा ऋण सहकारी संस्था लि.

लमही नगरपालीका वडा नं. ......, ........., दाङ्ग

## <u>संस्थाको छाप</u>